# थासाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

## गाउँकार्यपालिकाको कार्यालय
## थासाङ गाउँपालिका
## कोवाङ, मुस्ताङ
## गण्डकी प्रदेश

# थासाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

(२०७९/८०-२०८१/८२)

**Revenue Improvement Action Plan (RIAP) of Thasang Rural Municipality, Kobang, Mustang**

<u>आर्थिक तथा प्राविधिक सहयोगः</u>

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,
प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा, कास्की

<u>प्राविधिक सहजिकरणः</u>

हलेसी रिसर्च एण्ड कन्सल्टेन्सी प्रा. लि.
इमाडोल, ललितपुर

थासाङ गाउँपालिका
२०७९

संक्षिप्त रुप

| | |
|---|---|
| गा.पा. | गाउँपालिका |
| मु.अ.क. | मूल्य अभिबृद्धी कर |
| आ.ब. | आर्थिक बर्ष |
| आ.ले.प | आन्तरिक लेखा परिक्षण |
| ले.अ. | लेखा अधिकृत |

## विषयसूची

१. पृष्ठभूमि ........ 7
२. औचित्य ........ 9
३. अध्ययनको उद्देश्य ........ 10
४. योजना तर्जुमा विधि र प्रक्रिया ........ 10
४.१.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ........ 10
४.१.२ तथ्याङ्क एवम् सूचना सङ्कलन ........ 11
४.१.३ जनपरामर्श एवम् कार्यशाला आयोजना ........ 11
४.१.४ तथ्याङ्क बिश्लेषण तथा प्रतिवेदन तयारी ........ 12
१.५ प्रतिवेदनको ढाँचा ........ 12
१.६ अध्ययनका सीमाहरु ........ 13
परिच्छेद दुई - गाउँपालिकाको संक्षिप्त परिचय ........ 14
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ 14
२.१.१ भौगोलिक अवस्थिति ........ 14
२.१.२ आर्थिक तथा सामाजिक अवस्था ........ 15
२.१.३ प्राकृतिक सम्पदा ........ 16
२.१.४ धार्मिक, साँस्कृतिक एवम् पर्यटकीय सम्पदा ........ 16
२.१.५ भौतिक पूर्वाधार ........ 17
२.१.६ मुख्य पेशा सम्बन्धी विवरण ........ 17
२.२ मानव संसाधनको अवस्था ........ 19
२.३ भौतिक सम्पत्ति ........ 22
कर र यसको अबधारणा ........ 24
करको उद्धेश्य ........ 24
३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था . ........ 25
३.१.१ संवैधानिक ब्यवस्था ........ 25

३.१.२ कानुनी अवस्था 26

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था 29

३.२.२ गैर कर राजस्व 43

परिच्छेद — चार आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था 56

४.१ राजश्व परिचालन सम्बन्धी नीति 56

४.२ आय संकलनको संस्थागत क्षमता 57

४.२.१ स्थानीय राजश्व परामर्श समिति 57

४.२.२ गाउँपालिकाको राजश्व प्रशासन 58

५.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति 67

५.२ कर राजस्व सुधार योजना 70

५.२ गैह्र कर राजस्व सुधार योजना 72

५.३ राजस्व प्रशासन सुधार योजना 74

परिच्छेद छ -आगामी तीन वर्षको आय प्रक्षेपण 77

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण 77

परिच्छेद सात — अपेक्षित नतिजा 84

परिच्छेद आठ— अनुगमन तथा मूल्यंकन 92

अनुसूचीहरू 95

अनुसूची —१ः तथ्याङ्क सङ्कलन औजारहरू 95

अनुसूची- २ः अन्तर्क्रिया/छलफलकालागि समुह बिभाजन 104

अनुसूची- ३ : छलफलमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहभागी भएकाहरूको नामावली 108

अनुसूची- ४ः स्थलगत अध्ययन भ्रमणका सामाग्रीहरू 108

तालिका १ *वडागत घरधुरी र जनसंख्या* 15

तालिका २ पालिकामा मनाईने मुख्य चाडपर्वहरु 16

तालिका ३ पेशागत विवरण 18

तालिका ४ संघीय मामिला मन्त्रालयबाट स्वीकृत दरवन्दीहरु 20

तालिका ५ वडा कार्यालयहरुको विवरण 22

तालिका ६ तहगत राजस्व अधिकारको बाँडफाँड ..... 25
तालिका ७ एकल कर प्रशासन अन्तर्गत उठेको राजस्व स्थानीय तह र प्रदेश तहबीचको वाडफाँड ..... 28
तालिका ८ कर सम्भावना र दर निर्धारण विवरण ..... 30
तालिका ९ पालिकाको आर्थिक ऐनले तोकेको घरको कर ..... 34
तालिका १० प्रस्तावित सम्पती कर विवरण ..... 34
तालिका ११ प्रयोजनका आधारमा बहाल लिने करदाता सम्बन्धी विवरण ..... 37
तालिका १२ व्यवसाय करको सम्भाव्यता विवरण ..... 39
तालिका १३ घर नक्सा पास दस्तुर ..... 47
तालिका १४ मनोरन्जन कर ..... 51
तालिका 15 व्यवायीक कर ..... 55
तालिका १६ राजस्व परामर्श समिति विवरण ..... 57
तालिका १७ बिगतको तीन वर्षको आन्तरिक आय ..... 59
तालिका १८ पालिकाका कर सम्वन्धी रणनीति तथा कार्यनीतिहरु ..... 67
तालिका १९ कर राजस्व सुधार योजना ..... 70
तालिका २० गैह्र कर राजस्व सुधार योजना ..... 72
तालिका २१ राजस्व प्रशासन सुधार योजना ..... 74
तालिका २२ आगामी ३ बर्षको राजस्व प्रक्षेपण ..... 77
तालिका २३ आगामी तीन आर्थिक वर्षको आन्तरिक आय प्रक्षेपण ..... 81
**तालिका २४ गाउँपालिकाको कूल अपेक्षित आय संक्षेपमा** ..... 85
तालिका २५ अनुगमन तालिका ..... 93

# परिच्छेद एक - परिचय

## १. पृष्ठभूमि

नेपालको संविधान जारी भएसंगै मुलुकमा संघ , प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका शाशन प्रणाली कार्यन्यनमा छन। वित्तीय संघीयताले तहगत सरकारको आर्थिक निर्णयसँग सरोकार राख्ने गर्दछ जसको मूल लक्ष्य जहिले पनि आम नागरिकको सम्बृद्धी नै हो । प्रभावकारी ढंगले शासन सन्चालनको लागि संविधानमा नै हरेक तहका सरकारका काम , कर्तव्य, अधिकार र जिम्मेवारीहरु बाँडफाँड गरिएको छ । यस सन्दर्भमा संविधनले नै बित्तीय संघीयताको आधारशिला खडा गरि सबै तहका सरकारको लागि एकल र साझा अधिकारका सूची अनुसार राजस्व संकलन र खर्चको जिम्मेवारी सुम्पेको छ । यसरी तीनै तहको सरकारसंग कानुन बनाउने, बजेट तथा योजना तयार गर्ने र आफ्नै स्रोत परिचालन गर्ने कानुनी अधिकार निहित रहेको पाईन्छ ।तसर्थ सबै स्थानीय तहहरुले समान किसिमले करको दर तोक्ने ,संस्थागत र मानव क्षमता निर्माण गरि आफ्नै राजस्व श्रोतहरुको प्रभावकारी परिचालन गर्न सकेमा जनताका चाहाना तथा आवश्यकताहरु परिपूर्ति गर्न सहज हुने देखिन्छ ।

नेपालको संविधानको अनुसूची ८ स्थानीय तहको एकल अधिकारहरुको सूची रहेको छ, जसमा २२ वटा अधिकारहरुलाई समावेश गरिएको छ।जसको बुदाँ नं ४ मा स्थानीय कर ( सम्पती कर, घर बहाल कर,घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर),सेवा शुल्क दस्तुर, पर्याटन शुल्क,बिज्ञापन कर,व्यवसाय कर,भूमि कर, भूमि कर( मालपोत),दण्ड जरिवना,मनोरन्जन कर, मालपोत संकलन रहेका छन ।उक्त संबैधानिक व्यवस्था अनुरुप स्थानीय तहहरुले मुलत दुई प्रकारका श्रोतहरु कर र गैरकर पहिचान गरि कर तथा शुल्क निर्धारण तथा संकलन गरि आफ्नो आवश्यकता अनुसार खर्च, दैनीक कार्य सन्चालन तथा सेवा प्रवाहा गर्न सक्ने प्रवधान रहेको छ । यसै गरि संघ , प्रदेश र स्थानीय तहले राजस्व संकलन गर्ने , राजस्व बाँडफाँड गर्न सम्वन्धि व्यस्थाको लागि स्थानीय सरकार सन्चालन ऐन २०७४ , अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतीक श्रोत तथा वित्तीय आयोग ऐन २०७४ लगायत संघीय ऐन , प्रदेशिक ऐन र सम्वन्धित स्थानीय तहको ऐन नियमहरुमा समेत थप व्यवस्था भएको देखिन्छ ।

सिमित साधन र श्रोतहरु मात्रै भएको हाम्रो मुलुकमा पूँजी निर्माण (capital formation) ठूलो समस्याको रुपमा देखिन्छ ।जन आकाँक्षाहरु धेरै छन, सिमित साधन र श्रोतहरुबाट विकासका हरेक पक्षहरुलाई सम्वोधन गर्न परेको अवस्था छ ।यस्तो अवस्थामा स्थानीय तहले कर राजस्वको दर निर्धारण, संकलन तथा बृद्धी के कसरी गर्ने भन्ने सम्वन्धमा निश्चित योजना तर्जुमा गरि कार्यान्वयन गर्न सकेमा श्रोतको अभाव बाट विकास निर्माणमा देखा पर्ने बाधा र कठीनाईबाट छुटकरा पाउन सक्ने देखिन्छ ।यसका लागि स्थानीय तहको राजस्व सुधार गर्नु पर्ने अवस्थालाई ध्यानमा राखि संघीय मामिला तथा सामान्य

प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको राजस्व प्रभावकारी संङ्कलन, परिचालन तथा व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि सहजीकरण गर्न प्रद्श तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत प्रविधिक तथा आर्थिक सहायता उपलव्ध गराउदै आईरहेको छ ।अतः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको समन्वय , सहजिकरण र प्रविधिक सहयोगमा यस थासाङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गर्नको लागि परामर्श दाताको रुपमा हलेसी रिसर्च एण्ड कन्सल्टेन्सी, ललितपुर छनौट भई यस कार्यको सम्पूर्ण जिम्मेवारी बहन गरिरहेको छ ।

## २. औचित्य

नेपालको संविधान (भाग १९) ले स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था गरेर सोही भागको धारा २२८ को उपधारा १ मा कानुन बमोजिम बहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन वा ऋण लिन पाईने छैन भनि स्पष्ट पारेको छ भने उपधारा २ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको बिषयमा राष्ट्रिय आर्थिक नीति बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरि कानून बनाई कर लगाउन सक्ने व्यवस्था गरेको छ । स्थानीय तहहरुले राजस्व अधिकारको प्रयोग गरि कर तथा गैरकर लगाउन सक्ने व्यवस्था अनुरुप राजस्व,कर, शुल्क र दस्तुर लगाउन सक्ने छन ।स्थानीय सरकारलाई वित्तीय रुपमा वल बनाउने स्थानीय सरकारको खर्च व्यवस्थापन गर्ने स्थानीय तहमा विकास निर्माण कार्य सन्चालन गर्ने तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणलाई व्यवस्थित गरिनुको साथै स्थानीय सरकारले कर लगाउदा बैज्ञानिक करका आधारभूत मान्यताहरुका आधारमा कर करदाताले तिर्नसक्ने क्षमता र कर प्रणाली समानता र न्ययमा आधारित रहने गरि स्थापना गर्न सरल , पारदर्शी र मितव्ययी हुने गरि कर लगाउन साथै नागरिकलाई सुविधा हुने गरि अशुल गर्न स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वतावरण सृजना गर्न र कर लगाउँदा करको आधार, करको दर र तिर्न सक्ने अवधि निश्चित गर्न स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्ययोजनाको निर्माण अपरिहार्य छ ।नेपालको संविधानको धारा २२९ले स्थानीय संन्चित कोषको व्यवस्था गरेको छ ।

स्थानीय तह वित्तीय रुपमा आत्मनिर्भर नभएसम्म संघीय प्रणाली बलियो नहुने फलस्वरुप स्थानीय तह स्वायत्तता कमजोर हुन पुग्दछ र संघीय सरकार माथि भर पर्न पर्ने भएकोले संघीय सरकारलाई थप भार पर्दछ ।स्थानीय तहमा जनप्रिय हुन खोज्ने प्रबृत्तीले कर नलगाउने वा दरमा पनि समसामयिक प्रयाश नगर्दा यसले बहुआयमिक असर पर्ने हुन्छ ।यस किसिमको प्रबृत्तीलाई निरुसाहित गर्दै जानु आजको आवश्यकता हो । खास गरेर स्थानीय तहमा करका आधारहरुबारे यथार्थ,प्रयाप्त सूचना, तथ्थयाङ्कहरुको बारेमा पालिकामा कर तिर्ने करदाताहरु बीच पारदर्शी तरिकाले योजना वनाई जवाफदेहिताको समेत व्यवस्था गरिनु पर्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ भित्र रहेर बनाइएको यस राजस्व सुधार कार्ययोजनाले यस पालिकको राजस्व क्षमताको पहिचान गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसले प्रभावकारी ढंगले राजस्व सङ्कलन गर्न गाउँपालिकालाई थप मद्दत पुऱ्याउँछ भन्ने विश्वास गरिएको छ । साथै यस अध्ययनबाट तयार गरिएको राजस्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्तीय आयोगको लागि स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान सम्बन्धी मापदण्ड र सन्दर्भ समाग्रीको रुपमा समेत उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ ।

स्थानीय तहको राजस्व सम्वन्धि नीति तथा कानुन तर्जुमा, करका दर निर्धारण एवं दायरा बारे विश्लेषण गरि राजस्वको अनुमान गर्ने र राजस्व सुधारको लागि परामर्श दिने कार्यलाई मार्ग दर्शन गर्ने काम यस राजस्व

सुधार कार्ययोजनाले गर्ने गर्दछ।स्थानीय राजस्व अर्थात स्थानीय आन्तरिक आय (Local Own Source Revenue) मा स्थानीय तहले उठाएको कर र गैरकर राजस्व समावेश हुने हुनाले राजस्व सुधार कार्ययोजना

( Revenue Improvement Action Plan ) को महत्वपूर्ण भूमिकाले यसको औचित्यलाई प्रमाणीत गर्दछ ।

## ३. अध्ययनको उद्देश्य

यस कार्यक्रमको मुख्य उद्धेश्य थासाङ गा.पा.को प्रभावकारी राजस्व संकलन तथा परिचालनका सुझावहरु सहितको त्रि-बर्षिय राजस्व सुधार कार्ययोजना/प्रतिवेदन तयार गर्नु रहेको छ ।यस उद्देश्य प्राप्तीको लागि देहाय अनुसारका सहायक उद्देश्यहरु निर्धारण गरिएका छन ।

- थासाङ पालिकाको आन्तरिक आय तथा राजस्व सम्वन्धी वैधानिक तथा कानुनी प्रवाधानहरुको समीक्षा गर्ने ।
- थासाङ गाउँपालिकाको आन्तरिक आय तथा राजस्वको वर्तमान अवस्था र श्रोतहरुको विश्लेषण तथा लेखाजोखा गर्ने र बृद्धीका सम्भावनाहरु पहिचान गर्ने ।
- थासाङ गाउँपालिकाको बैज्ञानिक ढंगले आगामी ३ बर्षको शिर्षकगत राजस्व अनुमान तथा प्रक्षेपण गर्ने ।
- थासाङ पालिकाको आन्तरिक राजस्व सुधार रणनीति तथा प्रभावकारी राजस्व प्रशासनका लागि कार्ययोजना निर्माण गरि कार्यान्वयन गर्ने ।

## ४. योजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यका लागि विभिन्न सन्दर्भ समाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनको लागि आवस्यक फारामहरूको विकास, अभिमूखिकरण कार्यक्रम तथा कार्यशाला गोष्ठी लगायतका समावेशी र सहभागितामूलक छलफलको सारांशको अध्ययन, तथ्याङ्क सङ्कलन तथा बिश्लेषण जस्ता विधि र प्रक्रियाहरू अवलम्बन गरिएको थियो । अध्ययनको क्रममा अवलम्बन गरिएका विधिहरूको संक्षिप्त ब्याख्या तल गरिएको छः

### ४.१.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

अध्ययन कार्यको पहिलो चरण बिज्ञहरूबाट बिभिन्न स्रोत समग्रीहरूको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य समग्री देहाय अनुसार रहेका छन्:

- ✓ नेपालको संविधान
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ✓ अन्तर सरकारी बित्तीय व्यवस्थापन ऐन, २०७४
- ✓ आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व सम्बन्धी ऐन, २०७६
- ✓ थासाङ गाउँपालिकाको आर्थिक ऐन, २०७७/०७८

- ✓ थासाङ गाउँपालिकाको बार्षिक योजना, कार्यक्रम तथा बजेट, २०७८
- ✓ गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६
- ✓ Municipal Finance, A hand book for local government, The world Bank.

### ४.१.२ तथ्याङ्क एवम् सूचना सङ्कलन

अध्ययनको निम्ति आवस्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलनको निमित्त अनुसूची १ मा उल्लेख भए बमोजिमका फाराम प्रयोग गरी गाउँपालिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, लेखा तथा राजस्वका कर्मचारीहरूसँग छलफल एवम् अन्तरक्रिया गरेर आवस्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थियो।

- थासाङ गाउँपालिकाको बस्तुगत विवरण, २०७६
- वर्तमान राजस्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि)
- राजस्व परिचालनको लागि अबलम्वन गरिएका नीतिगत व्यवस्थाहरू
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र, तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क एवम् सूचना सम्बन्धित तथ्याङ्क, सरोकारहरू सँगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन

### ४.१.३ जनपरामर्श एवम् कार्यशाला आयोजना

राजस्व संभाव्यता अध्ययन तथा सुधार कार्ययोजना तर्जुमा कार्यका लागि हलेसी रिसर्च एण्ड कन्ल्टेन्सी प्रा. लि.को प्राविधिक टोली २०७९ बैशाख ९ र १० गते गते थासाङ गाउँपालिकामा उपस्थित भई गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित कर्मचारी तथा सरोकारवालासँग परामर्श गरिएको थियो । सो परामर्शमा स्थानीय राजस्व संभाव्यता अध्ययन तथा राजस्व सुधार योजना तर्जुमा कार्यक्रम संचालनको ढाँचा, अध्ययन तथा योजना तर्जुमा विधि तथा प्रक्रिया, अपेक्षित उपलब्धि र सूचना विवरण आदि बारे छलफल गरिएको थियो । पालिकाको उपाध्यक्ष तथा गाउँपालिकाका राजस्व परामर्श समितिका संयोजक श्री वालकुमारी शेरचन अध्यक्षता गर्नु भएको कार्यक्रमको उद्धाघाटन गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथी पालिकाका अध्यक्ष श्री बुद्धी प्रसाद शेरचनले गर्नु भएको थियो। कार्यक्रममा थासाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नागेन्द्र सुबेदी पालिकाको आर्थिक, सामाजिक अवस्थाका बारेमा प्रकाश पर्नु भएको थियो भने सहजकर्ता द्वय श्री प्रकाशचन्द्र पौडेल र पुरुषोत्तम खतिवडाले राजस्वका विभिन्न अवयवहरू तथा कार्ययोजना निर्माण एवं कार्यान्वयन प्रकृयाका बारेमा सहजीकरण गर्नु भएको थियो ।

सहभागीहरूलाई बिभिन्न समुहहरूमा बिभाजन गरेर समुहगत रुपमा राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गर्न लगाई पूर्णसत्रमा सोको प्रस्तुति गरिएको थियो । पूर्ण सत्रबाट प्राप्त सुझावहरूलाई समेत राजस्व सुधार कार्ययोजनामा समावेश गरिएको थियो । सम्पत्ति कर व्यवसाय कर, घर जग्गा बहाल कर, प्राकृतिक स्रोत बिक्री तथा निकासी शुल्क दर निर्धारण, प्रक्षेपण र असुली प्रक्रिया बारेमा सहभागीहरूलाई अभ्यास समेत गराइएको थियो । समुह छलफलका लगि बनाइएका समुहहरू यस प्रकार रहेका थिएः

- ✓ सम्पत्ति कर/भूमिकर सम्बन्धमा राजस्वका शीर्षकगत दर, दायरा र प्रक्षेपण सम्बन्धी छलफल सबै सहभागीहरूका बीच
- ✓ समुह १: घरजग्गा बाहाल कर र पूर्वाधार उपयोग शुल्क राजस्वको प्रक्रिया र सुधार कार्ययोजना
- ✓ समुह २: व्यवसाय/कर बिषयमा राजस्वको प्रक्षेपण र सुधार कार्ययोजना सम्बन्धी छलफल
- ✓ समुह ३: प्राकृतिक स्रोत बिक्री तथा निकासी शुल्क सम्बन्धी प्रक्षेपण र सुधार कार्ययोजना सम्बन्धी छलफल ।

### ४.१.४ तथ्याङ्क बिश्लेषण तथा प्रतिवेदन तयारी

यस प्रतिवेदन तयारीको सिलसिलामा समूहगत छलफल र बिभिन्न दस्तवेजहरू अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई बिश्लेषण गरिएको छ । गाउँपालिकाबाट प्राप्त भएका सुझावहरू तथा सूचनाहरूलाई व्यवस्थित गरी बिभिन्न तालिकाहरूमा प्रस्तुत गरिएको छ । सम्पत्ति कर लगायत अन्य करहरूको वर्तमान अवस्था र प्रक्षेपण सम्बन्धी बिस्तृत विवरण उल्लेख गरिएको छ । मस्यौदा प्रतिवेदनमा गाउँपालिकाका अधिकारीहरूसँगको परामर्शबाट प्राप्त सुझावहरू समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### १.५ प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा आठ वटा परिच्छेदहरू रहेका छन् ।

- ➢ परिच्छेद एकमा समग्र अध्ययनको परिचय,
- ➢ परिच्छेद दुईमा गाउँपालिकाको संक्षिप्त परिचय,
- ➢ परिच्छेद तीनमा स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता
- ➢ परिच्छेद चारमा आन्तरिक आय सम्भावना विश्लेषण,
- ➢ परिच्छेद पाँचमा राजस्व सुधार कार्ययोजना,
- ➢ परिच्छेद छ मा आगामी ३ वर्षको आय प्रक्षेपण
- ➢ परिच्छेद सातमा आपेक्षित नतिजा र
- ➢ परिच्छेद आठमा अनुगमन तथा मूल्यांकन लाई राखिएको छ।

## १.६ अध्ययनका सीमाहरु

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्नअनुसारका सीमामा रहेर तयार गरिएको छः

- ✓ यस अध्ययन बिशेष गरी गाउँपालिकाको कार्यालयबाट प्राप्त दस्तावेजहरू, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूबाट प्राप्त सुचना र छलफलका आधारमा तयार गरिएको छ ।
- ✓ राजस्व प्रक्षेपण गाउँपालिकाको वर्तमान जनसंख्या, आर्थिक गतिविधि, गाउँपालिकाले प्रदान गर्ने सेवा, सम्पत्तिको मूल्याङ्कन दर र राजस्व दरलाई आधार मानेर गरिएको छ ।
- ✓ राजस्व प्रक्षेपण गर्ने क्रममा करदाताको संख्या सम्बन्धी आधिकारिक आधार तथ्याङ्क प्राप्त हुन नसकेको अवस्थामा सहभागीद्वारा उपलब्ध भएको सूचनालाई आधार मानिएको छ ।
- ✓ छलफलबाट प्राप्त सुझाव अनुसार वर्तमान करका दरहरू यथावत राखी सोही बमोजिम आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपण गरिएको छ ।

## परिच्छेद दुई - गाउँपालिकाको संक्षिप्त परिचय

### २.१ गाउँपालिकाको संक्षिप्त परिचय

### २.१.१ भौगोलिक अवस्थिति

थासाङ गाउँपालिका मुस्ताङ जिल्लामा अवस्थित छ । वि.सं २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा मुस्ताङ जिल्लामा साविकका टुकुचेको (१(७)वडाहरू, कोवाङ, लेते र कुञ्जो गाउँ विकास समितिहरूलाई समेटेर थासाङ गाउँपालिका घोषणा गरिएको हो । थासाङ गाउँपालिकाको क्षेत्रफल २८९ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ५ वडाहरूमा विभाजन गरिएको छ । यस गाउँपालिकको कुल जनसंख्या २,९२० रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा घरपझोङ गाउँपालिका र म्याग्दी जिल्ला, पश्चिममा म्याग्दी जिल्ला, उत्तरमा बाह्रगाउँ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिका र दक्षिणमा म्याग्दी जिल्लासम्म फैलिएको छ ।



जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम २००० मिटर उचाईदेखि ५००० मिटर सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । गाउँ क्षेत्रकोदक्षिण तल्लो भेगमा समशितोष्ण र उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छन् ।

तालिका १ *वडागत घरधुरी र जनसंख्या*

| वस्तीहरु | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| टुकुचे | ११९ | ६३७ | ३०७ | ३३० |
| कोवाङ | १५२ | ६१६ | ३१५ | ३०१ |
| लेते | ११० | ७७२ | ४१३ | ३५९ |
| धाँसा | ९३ | ४५६ | २४३ | २१३ |
| कुन्जी | १२० | ६२८ | ३२६ | ३०२ |
| जम्मा | ५९४ | ३१०९ | १६०४ | १५०५ |

श्रोतः गाउँपालिका वस्तुगत विवरण, २०७४

### २.१.२ आर्थिक तथा सामाजिक अवस्था

यस चालू आर्थिक वर्षमा आर्थिक विकास अन्तर्गत कृषि, पर्यटन उद्योग जस्ता क्षेत्रमा छुटिएको रकमहरुको उल्लेखीय रुपमा राम्रो कामहरु सम्पन्न भएका छन । सवै वडाका कृषिको सम्भावना अध्ययन भईसकेको र यसका आधारमा संघ तथा प्रदेश सरकारले समेत चासोको रुपमा लिएको छ । कृषि सडकहरुको निर्माण र स्तरउन्नती भएका छन् । कृषकहरुलाई तरकारी र फलफूलको विरुवा विउविजनहरु वितरण गरिएको छ । जनतासंग स्थानीय सरकार भन्ने कार्यक्रम लागु भएको छ ।

### २.१.३ प्राकृतिक सम्पदा

थासाङ गाउँपालिका एक हिमाली क्षेत्रमा अवस्थित छ । यहाँ खेतीयोग्य जमिन कमै भए तापनि धेरै जसो क्षेत्र वनजङ्गलले ओगटेको छ । यस गाउँपालिकाको मुख्य प्राकृतिक सम्पदाहरूमा वन पैदावार, खोला नाला रहेका छन् । यहाँ विभिन्न खोलानाला तथा अति सुन्दर पहाडहरु देख्न पाइन्छन् । यस गाउँपालिकाको दक्षिणी भागमा बगेको सेती नदीको सौन्दर्य प्राकृतिक सम्पदाको रुपमा यस पालिकामा रहेको छ । थासाङ गाउँपालिकाको बिभिन्न क्षेत्रमा गएको पहिरोको कारण करिव धेरै घरधुरी जोखिममा परेका छन् । थासाङ गाउँपालिकाको घरधुरी सर्वेक्षणको क्रममा समुदयाका ब्यक्तिहरु सितको छलफलबाट यस गाउँपालिका भित्र उत्पादन हुने बस्तुहरु मध्ये बनस्पतिमा दालचिनी, तिमुर, रिठा, तितेपाती, तेजपत्ता, जामुन, बोझो, आल्लो, ओखर, स्याउ तथा लेउ रहेको छ भने अन्नबालीमा भटमास, गहत, मास, सोट्टा, सिमी, टमाटर, अदुवा रहेका छन् ।

### २.१.४ धार्मिक, साँस्कृतिक एवम् पर्यटकीय सम्पदा

नेपालको सांस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा धर्म तथा संस्कृतिहरु हुन् । थासाङ गाउँपालिका जातिय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतीहरुमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरु यहाँ मनाइने गर्दछन । आम नेपालीको लागि नै साझा चाडपर्वको रुपमा मनाइने जनैपूर्णिमा, फागु पूर्णिमा, दशैं तिहार बाहेकका यहाँ क्षेत्री बाह्मणका तथा थकालीले तिज, गुरुपूर्णिमा, रक्षाबन्धन, मगर तथा तामाङको ल्होसार, लगायतका चाडपर्वहरु यस क्षेत्रमा मनाइने महत्वपूर्ण चाडपर्व रुपमा रहेका छन् ।

तालिका २ पालिकामा मनाईने मुख्य चाडपर्वहरु

| क्र.स | चाड पर्वको नाम | महिना/समय | मनाउने जनजातीहरु |
|---|---|---|---|
| १ | तोरन्ला | फागुन | थकाली |
| २ | फागु पूर्णीमा | फागुन | क्षेत्री,ब्रह्मण,गुरुङ्ग, मगर, थकाली, |
| ३ | ल्होसार | पौष | गुरुङ्ग, मगर, थकाली, |
| ४ | माघे सैक्रान्ती | माघ | क्षेत्री,ब्रह्मण,गुरुङ्ग, मगर, थकाली, कामी,दमाई आदि |
| ५ | दशै , तिहार | असोज/ कात्तीक | क्षेत्री,ब्रह्मण,गुरुङ्ग, मगर, कामी,दमाई आदि |

| | | | |
|---|---|---|---|
| ६ | तीज, कृष्ण जन्माष्टमी | भाद्र | |
| ७ | धान्ने पूर्णीमा | | गुरुङ्ग, मगर, थकाली, कामी,दमाई आदि |

*स्रोतः थासाङ गाउँपालिकाको वस्तुगत विवरण २०७४*

यस गाउँपालिकामा पर्यटकीय क्षेत्रको रुपमा सेकोङ पोखरी, भुञ्छो ताल, टि.टि ताल रहेका छन् । गाउँपालिका क्षेत्रका बासिन्दालाई खानेपानी आपूर्ति गाउँक्षेत्र भित्रकै श्रोतबाट ल्याइएको छ ।

### २.१.५ भौतिक पूर्वाधार

सडक पूर्वाधार विकासको मूल आधार हो । सडकको विकासविना अन्य विकासका आधारहरुस्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ । गाउँको प्रभावकारी विकासका लागि पनि सडक सञ्जाल अन्यन्त जरुरी हुन्छ । यस गाउँपालिकामा पनि सडक सञ्जालको विकासका लागि योजना तथा कार्यक्रमहरु निर्माण भइरहेका छन् तथा कतिपय कार्यक्रमहरु संचालन भइरहेको अवस्थामा छन् । थासाङ गाउँपालिकामा हालसम्म प्रायः सबै जसो बाटो कच्ची नै रहेको छ । यस गाउँपालिकामा हालसम्म कुनै पनि बाटोहरु कालोपत्रे भैसकेका छैनन् । जेहोस नयाँ गाउँको रुपमा भर्खर मात्र काम सम्हालेको यस गाउँमा पुर्वाधार निर्माणका विविध विषयहरुले प्रवेश पाउने कार्य जारी रहेको छ । तापनी योजना कार्यान्वयको चरणमा पनि धेरै समय लिईने गरीन्छ जसले गर्दा योजनामा तोकिएका विषयहरुलाई चाडै कार्यान्वयमा ल्याउनुपर्ने चुनौती गाउँपालिका समक्ष रहेको छ ।

### २.१.६ मुख्य पेशा सम्बन्धी विवरण

कृषि नेपालको पहिचान हो । यहाँका लगभग ७९.११ प्रतिशत जनता कृषि पेशामा आवद्ध रहेका छन् । नेपालका धेरैजसो भुभाग कृषि कार्यमा प्रयोग गरिएको छ । थासाङ गाउँपालिकामा पनि धेरैजसो जनसंख्या कृषि पेशामा आवद्ध रहेका छन् । जसमा खेतिपातीमा संलग्न रहेको जनसंख्या ४९.२७ प्रतिशत रहेको छ, भने पशुपालनमा संलग्नता २५.५७ प्रतिशत रहेको छ । यहाँ कुखुरामा संलग्नता २४.६३ र एकदमै न्युनमात्रामा माछा पालन गर्नेहरु पनि रहेका छन् । यसैगरि यस गाउँपालिकाका २०.८८ प्रतिशत जनसंख्या गैर कृषि पेशामा आवद्ध रहेका छन् । यस्ता गैर कृषि पेशाअन्तगत यहाँ सवैभन्दा धेरै व्यक्तिहरु व्यापारमा आवद्ध रहेका छन् । यसबाहेक नोकरी, वैदेशिक रोजगारी, दैनिक ज्यालादारी, उद्योग लगायतका गैर कृषि पेशा पनि यहाँका वासिन्दाहरुको जीवन निर्वाहको आधार बनेको छ । जसलाई तलको तालिकामा देखाईएको छ ।

तालिका ३ पेशागत विवरण

| क.सं. | विवरण | परिवार संख्या |
|---|---|---|
| १ | कृषि | |
| १.१ | खेतिपाति | ४७४ |
| १.२ | पशुपालन | २४६ |
| १.३ | कुखुरा पालन | २३७ |
| १.४ | माछा पालन | ५ |
| १.५ | अन्य | |
| **जम्मा** | | **९६२** |
| २ | गैर कृषि | |
| २.१ | व्यापार | १२० |
| २.२ | उद्योग | २ |
| २.३ | नोकरी | ४१ |
| २.४ | दैनिक ज्यालादारी | ३२ |
| २.५ | वैदेशिक रोजगारी | ५९ |
| **जम्मा** | | **२५४** |
| **कुल जम्मा** | | **१२१६** |

### २.२ मानव संसाधनको अवस्था

तालिकाः संघीय मामिला मन्त्रालयबाट स्वीकृत दरवन्दीहरुको विवरण

तालिका ४ संघीय मामिला मन्त्रालयबाट स्वीकृत दरवन्दीहरु

| क्र.स. | पद | तह | सेवा | समुह | उप समुह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | वाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | ८औं | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | ईन्जनियर | ७/८ औं | ईन्जिनियरिङ्ग | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सामान्य | | २ | | २ | |
| ६ | आ.ले.प. | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सामान्य | | ४ | | ४ | |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |

| क्र.स. | पद | तह | सेवा | समुह | उप समुह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | वाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र | | १ | | १ | |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई | | १ | | १ | |
| १२ | सव ईन्जिनियर | ५ औं | ईन्जि. | सिभिल | | १ | | १ | |
| १३ | अ.सव ईन्जिनियर | चौथो | ईन्जि. | सिभिल | | १ | | १ | |
| १४ | स.महिला विकास निरिक्षक | चौथो | विविभ | | | १ | | १ | |
| १५ | खा.प.सा.टे | चौथो | ईन्जि. | | | १ | | १ | |
| कार्यालय तर्फ | | | | | | १९ | ० | १८ | |
| वडा तर्फ ( ५ वडा) | | | | | | | | | |
| १ | सहायक | पाँचौं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| २ | सव ईन्जिनियर | पाँचौं | ईन्जि. | सिभिल | | २ | | २ | |

| क्र.स. | पद | तह | सेवा | समुह | उप समुह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| ४ | अ.सव ईन्जिनियर | चौथो | ईन्जि. | सिभिल | | ३ | | ३ | |

संघीय मामिला मन्त्रालयबाट माथि उल्लेखित दरवन्दीहरु थासाङ् गाउँलिकामा उपलव्धता गराएता पनि राजस्व शाखा हेर्ने छुट्टै एकाई नभएको अवस्था छ ।

## २.३ भौतिक सम्पत्ति

गाउँपालिकाको कार्यालय सामुदायीक भवनमा रहेको छ भने ५ वडाहरुमा ३ वडा कार्यालय आफ्नै भवनमा र २ वडा कार्यालय भाडामा रहेका छन् । कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा, उपशाखा तथा इकाइहरूका संचालनमा रहेका छन् । कार्यालय तथा सबै वडाहरूमा कम्प्युटर, प्रिन्टरको सुविधा रहेको सबै वडाहरुमा इन्टरनेटको सुविधा रहेको छ। यसको अलवा कृषी, पशु र हुलाक कार्यालयका आफ्नै भवनहरु रहेका छन । पालिकाको लेतेमा वस पार्क रहेको छ ।

*तालिका ५ वडा कार्यालयहरुको विवरण*

| क्र.स. | वडा नं | भवनको प्रकृती र संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | |
| १ | वडा नं १ | १ | ✓ | | |
| २ | वडा नं २ | १ | | ✓ | |
| ३ | वडा नं ३ | | | ✓ | भाडामा |
| ४ | वडा नं ४ | १ | | ✓ | |
| ५ | वडा नं ५ | १ | | | भाडामा |

*स्रोतः थासाङ गाउँपालिकाको वस्तुगत विवरण २०७४*

**अन्य** भौतीक सम्पतीहरुः यसका अलवा कार्यलयमा आधुनिक किसिमका सुबिधाहरु ( इन्टरनेट सेवा ) देखि लिएर कम्युटर, मोटर, मोटरसाईकल, लगायत बिद्युत तथा सोलार सुविधाहरु रहेका छन। हिमाली क्षेत्र भए पनि पालिकाबाट सदरमुकाम सम्म पुग्ने कालेपत्रे सडक छ भने बर्षाको समयमा भने म्याग्दी खण्डमा पर्ने कच्ची सडकको कारण सडक यातायातको ठूलो समस्या रहन्छ ।

## परिच्छेद —तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

### कर र यसको अबधारणा

नेपाली शव्दकोष अनुसार राजस्वमा दाखिला हुने गरि नागरिकले सरकारी सरोकारवाला कार्यालयलाई अनिवार्य दातव्यको रुपमा दिनुपर्ने बिभिन्न प्रकारका तिरो वा रकम आदिलाई कर (Tax) भनिन्छ ।नेपालको केन्द्रको हकमा संघीय संसद, प्रदेशको हकमा प्रदेशशभा बाट र गाँउपालिकमा गाँउसभाबाट आर्थिक ऐन बनाएर मात्र कर लगाउन पाउने व्यवस्था रहेको छ ।

### करको दर तथा आधार निर्धारण सम्वन्धि सिद्धान्त

कुन शिर्षकमा कर लगाउने र कति कर लगाउने भन्नेवारे विधिन्न अर्थशास्त्रीहरुले बिभिन्न सिद्धान्तहरु प्रतिपादन गरिरहेका छन । जस मध्ये व्यवहारमा आएका मुख्य दुई सिद्धान्त रहेका छन । ती हुन

- तिर्न सक्ने सिद्धान्त ( Ability to pay )
- करको फाईदाको सिद्धान्त ( Benefit Principle)

खास गरेर करको दर र आधार निर्माण गर्दा करदातासंग उक्त कर तिर्न सक्ने क्षमता छ वा छैन सो को बवश्लेषण गरिनु पर्छ । कर तिर्न सक्नेसंग उटाउने श्रोत हो ।करको भार उसको आय र सम्पतीमा निर्भर रहनु पर्छ ।जो संग बढी आय छ उसले बढी तिर्नु पर्छ ।करको सम्वन्धमा पूर्वीय प्रतीन अर्थशास्त्री चाणक्यले मौरीले मह निकाले झै कर निर्धारण गर्नु पर्छ ।ता कि महुरीले मह पनि पाउने र फूल पनि फक्रिन गरोस भन्ने शिद्धान्त प्रतिपादन गरेका थिए । कर लाभको सिद्धान्त भनेको सार्वजानिक सेवा वा वस्तु र सेवा बाट लाभ पाउनेले कर कर तिर्नु पर्छ भन्ने सद्धान्त हो ।सार्वनानिक स्वा वा वस्तुबाट लाभ पाउघ उसले कर तिर्नु पर्छ ।करबाट उठेको रकम जनहितमा खर्च गरिनु पर्छ भनि यस सिद्धान्तले वकालत गर्दछ ।

### करको उद्धेश्य

करको मुख्य उदेश्य भनेको रान्यको लागि आवश्यक आय आर्जन ( Revenue Generation) गर्नु हो । करलाई आर्थिक स्थायित्व हिसल गर्ने औजारको रुपमा पनि लिने गरिन्छ (Fiscal Instrument for Economic stability )। करको राज्य सन्चालनमा ठूलो भूमिका रहन्छ । खास गरेर युरोपियन, अमेरिकन मुलुकहरुमा राज्यले

व्याक्तीवाट ठूलो परिमाणमा कर उठाउदछ र नागरिकलाई समाजिक सुरक्षा प्रदान गर्दै आएको पाईन्छ भने नेपालमा राज्य संन्चालनमा नै प्राय सबै रकम खर्च हुन्छ तर केही अंश भने सामाजिक सुरक्षामा समेत खर्च हुदै आएको पाईन्छ ।

स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजश्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतिहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था .

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरुले सम्पत्ति कर (घरजग्गा कर), घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना संकलन गर्न सक्नेछन् । राजश्व अधिकार सम्बन्धी

विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ तहगत राजस्व अधिकारको बाँडफाँड

| | स्थानीय | प्रदेश | संघ | प्रदेश तथा स्थानीय तह दुवैको अधिकारमा रहेको राजस्वको श्रोत |
|---|---|---|---|---|
| कर | • सम्पत्ति कर<br>• घर वहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• भूमिकर ( मालपोत)<br>• मनोरन्जन कर | • घरजग्गा रजिस्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• मनोरन्जन कर<br>• विज्ञापन<br>• कृषी आयमा कर | • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अधिबृद्धी कर<br>• संस्थागत आयकर<br>• व्याक्तिगत आयकर<br>• पारिश्रमिक कर | • सवारी साधन कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• मनोरन्जन कर<br>• विज्ञापन कर<br>• नदिजन्य तथा अन्य खानीजन्य निर्माण |

| | स्थानीय | प्रदेश | संघ | प्रदेश तथा स्थानीय तह दुवैको अधिकारमा रहेको राजस्वको श्रोत |
|---|---|---|---|---|
| | • विज्ञापन कर<br>• व्यवसाय कर | | | पदार्थ |
| गैरकर | • सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• मालपोत संकलन<br>दण्ड जरिवना | • सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• मालपोत संकलन<br>• दण्ड जरिवना | • राहदानी कर<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवाशुल्क दस्तुर<br>• दण्ड जरिवना | • |
| अन्य | स्थानीय अधिकार क्षेत्र भित्रको विषयमा स्थानीय कानुन र अन् प्रचलित कानुन हनुसार लगाइने कर तथा गैरकर | • प्रदेश अधिकार क्षेत्र भित्रको विषयमा प्रदेश कानुन र अन् प्रचलित कानुन हनुसार लगाइने कर तथा गैरकर | • संघीय कानुन र अन् प्रचलित कानुन हनुसार लगाइने कर तथा गैरकर | • |

श्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

### ३.१.२ कानुनी अवस्था

क. स्थानीय सरकार सन्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धी व्यवस्था रहेको छ । यसमा कर अन्तर्गत प्रत्यक्ष करहरु जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, बहाल बिटौरी शुल्क, पार्किङशुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरु रहेका छन् । यसैगरी गैरकर अन्तर्गत गाउँपालिका वा नगरपालिकाबाट विभिन्न सेवाहरु उपयोग गरे वापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरुबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा

सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षण बाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु विक्री र अन्य सम्पत्ति विक्री, सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेका छन् .

यसैगरी प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ । जसको दर प्रदेशले तोक्ने र संकलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ । हालसम्म संघीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भइ नसकेको र संघीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानून बमोजिम असूल उपर गरी त्यसको ६० प्रतिशत सम्वन्धित स्थानीय गाउँपालिका र ४० प्रतिशत सम्वन्धित प्रदेशमा पठाउने गरेको छ । यसरी स्थानीय गाउँपालिकामा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न संघीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शीर्षकहरु निर्धारण गर्नुको अलावा संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकारक्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरुको सन्दर्भमा प्रदेश र स्थानीय तह बीच एकल कर प्रशासन सम्वन्धमा निम्नानुसारको थप व्यवस्था समेत गरेको छ । शुरुमा राखिएको व्यवस्थामा २०७५ सालको आर्थिक ऐनले थप परिमार्जन समेत गरेको छ । परिमार्जित व्यवस्था देहाय बमोजिम रहेको छ ।

**नेपालमा वित्तीय हस्तान्तरणः**

अन्तर सरकारी वित्तीय हस्तान्तरणको केन्द्रबाट तल्ला तहका सरकारलाई उपलव्ध गराउने अनुदान बारे नेपालको संविधानलको धारा ६० ले प्रदेश र स्थानीय तहलाई अनुदान र राजस्व बाँडफाँडको माध्यमद्धरा सिफारिस गर्ने अधिकार राष्ट्रिय प्राकृतीक श्रोत तथा वित्तीय आयोगलाई प्रदान गरेको छ । नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले आफ्ना प्रदेशमा रहेका स्थानीय तहलाई निम्न चार किसिमका अनुदान दिने व्यवस्था छ ।यसको कूल परिमाण भने नेपाल सरकारको



बार्षिक बजेट तथा कार्यक्रमबाट र प्रदेश सरकारको पनि प्रदेश कानुन बमोजिम हुने गर्दछ ।

क. वित्तीय समानीकरण अनुदान

ख. शशर्त अनुदान

ग. बिशेष अनुदान र

घ. समपुरक अनुदान

**ख. एकल कर सम्वन्धि व्यवस्था**

तालिका ७ एकल कर प्रशासन अन्तर्गत उठेको राजस्व स्थानीय तह र प्रदेश तहबीचको वाडफाँड

| करका क्षेत्रहरु | कर निर्धारण गर्ने | संकलन गर्ने तह | राजस्व वाँडफाँड प्रतिसत | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिस्ट्रेसन शुल्क | प्रदेश | प्रदेश | ४० | ६० |
| मनोरन्जन कर | प्रदेश | प्रदेश | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय तह | ४० | ६० |
| अन्य सवारि कर<br>( टाँगा,रिक्सा,अटवरिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | | १०० |

श्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४( आर्थिक ऐन २०७५ द्धरा संशोधित) दफा ५ र ६

एकल कोषको व्यवस्थापनः एकल कोषको व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

- यस्तो एकल कर बाँडफाँडप्रयोजनका लागि संकलन गर्ने तहले (प्रदेश र स्थानीय तह) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नु गर्नु पर्नेछ ।
- प्रदेशले सवारी साधनबाट उठेको रकम प्राकृतिक श्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने र मासिक रुपमा सम्वन्धित स्थानीय संन्चीत कोषमा जम्मा गर्नुपर्ने ।
- स्थानिय तहले विभाज्य कोषमा रहेको रकमको ४० प्रतिशत आवधिक रुपमा प्रदेशको सन्चित कोषमा जम्मा गर्नुपर्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाब्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शीर्षकहरूको संभाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउछ ।

*तालिका ८ कर सम्भावना र दर निर्धारण विवरण*

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| 1 | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| 2 | सम्पीत्त कर | छ | नभएको | भएको |
| 3 | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | नभएको | नभएको |
| 4 | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| 5 | व्यवसाय कर | छ | भएको | भएको |
| 6 | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | भएको | भएको |
| ख. | **अन्य राजस्व** | | | |
| 1 | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | छ | नभएको | भएको |
| 2 | नक्सापास दस्तुर | छ | नभएको | भएको |
| 3 | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| 4 | वहाल विटौरी शुल्क | छ | भएको | भएको |
| 5 | पार्किङ्ग शुल्क | छैन | नभएको | नभएको |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| 6 | अस्पताल संचालन | छैन | नभएको | नभएको |
| 7 | फोहरमैला व्यवस्थापन शुल्क | छ | भएको | भएको |
| 8 | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| 9 | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| 10 | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | भएको | भएको |
| 11 | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | छ | नभएको | भएको |
| 12 | मूल्याङ्कन सेवाशुल्क | छ | नभएको | नभएको |
| 13 | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक | छ | भएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | फर्म | | | |
| 14 | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | नभएको | भएको |
| 15 | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| 16 | दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लिखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले करतर्फ ६ वटा मध्ये ५ वटा शीर्षकहरूमा आय सङ्कलन गर्ने सम्भावना देखिन्छ, जसमध्ये गाउँपालिकाले हालसम्म ५ वटै शीर्षकहरूको करका दरहरू निर्धारण गरिएकोमा ४ वटा शीर्षकहरूबाट कर सङ्कलन गरिरहेको छ । तर सवारी कर टाँगा), रिक्सा, अटोरिक्सा, इरिक्सा (करको हकमा भने करको दर निर्धारण नभएको र कर उसुल उपर हुने सम्भावना पनि रहेको छैन ।

त्यसैगरी गैरकरतर्फ समग्रमा जम्मा १६ वटा शीर्षकहरू मध्ये १३ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना रहेको देखिन्छ भने ३ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना रहेको देखिदैन । हालसम्म गाउँपालिकाले जम्मा ११ वटा शीर्षकहरूमा दर निर्धारण गरेको भए तापनि ७ वटा शीर्षकहरूमा मात्र आय सङ्कलन गरिरहेको छ ।गाउँपालिकालाई प्राकृतिक तथा खानीजन्य वस्तुको विक्री गर्ने अधिकार प्राप्त भएतापनि यसको हाल सम्म दर निर्धारण तथा संकलन भएको देखिदैन ।गाउँलालिकाले प्रदेश सरकारले दर निर्धारण गरी दहत्तर वहत्तर शुल्क अन्तर्गत खानिनन्य वस्तुको शुल्क संकलन गरि प्रदेशसंग राजस्व वाँडफाँड गरि आएको छ। गैह कर अन्तरगत दर्ता, अनुमति र नविकरण दस्तुरबाट दर निर्धारण गरेर सो बाट आय संकलन भएको देखिदैन ।

३.३ आन्तरिक श्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावनाको विश्लेषण

३.३.१ कर राजस्व

गाउँपालिकाको राजश्वका स्रोतहरु मध्ये कर राजश्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यसप्रकार रहेका छन्ः

क. सम्पति कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ । उक्तदफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ ।यस गाउँपालिकामा राष्ट्रिय जन गणना २०७८ को प्रारम्भिक नतीजा अनुसार जम्मा ६९८ घरधूरी रहेको देखिन्छ । विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित घरधूरी संख्या ६९८ लाई नै यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । पालिकाको आर्थिक ऐन २०७८, मा घर करको व्यवस्था गरिएको भएता पनि बिगतका आर्थिक बर्षहरुमा यस शिर्षकमा कुनै रकम उठाउको देखिदैन । यस बिषयमा कार्यशाला गोष्ठीमा समेत छलफल भएको छ ।

**<u>संभाव्यताः</u>**

सम्पत्ति कर घरजग्गामा लाग्ने र गाउँपालिकामा भएका सबै घरको वास्ताविक मूल्यांकन गर्न सकिएमा यो गाउँपालिकाको सबभन्दा भरपर्दो आम्दानीको स्रोत हो । यसको लागि गाउँपालिकाले नीतिगत र प्रशासनिक व्यवस्थापनमा जोड दिई कार्यान्वयन गर्नुपर्छ । नीतिगत सुधार अन्तर्गत सबै घरधुरीलाई अनिवार्य रुपमा कर लगाउन घरजग्गाको मूल्यांकनको आधार र तौरतरिकाको स्पष्ट मार्गदर्शन गर्ने, बार्षिक आर्थिक ऐनमा जनताको करतिर्ने क्षमता अनुसारको दर निर्धारण गर्ने तथा शुरुवातमा के कस्ता छुट दिन सकिन्छ भन्ने बिषय समेत स्पष्ट गर्ने तथा समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवानाको व्यवस्था समेत गर्ने बिषयहरु समावेश गर्नुपर्ने हुन्छ । यसैगरी प्रशासनिक सुधार अन्तर्गत सक्षम कर्मचारी सहितको कर शाखाको स्थापना, सफ्टवेयर सहितको कम्पुटराईज विलिङ पद्धति, कर संकलनको तौर तरिका र वडा तहबाट अनुगमन गर्ने पद्धति विकास गर्नु अनिवार्य हुन्छ । यसमा गाउँपालिकाले हरेक घरधुरीको तथ्यांक, घरजग्गाको वास्तविक मूल्यांकन अनुसारको तथ्यांकमाआधारित करदाताको लगत तयार गर्ने तथा यसलाई आगामी आर्थिक विधेयकमा छुट्टै शीर्षक अन्तर्गत नक्सा नियमित र नयाँ नक्सा पास गराउने कुरा समावेश गरी गाउँसभाबाट स्वीकृत गराउने र यसलाई गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्न उपयुक्त देखिन्छ ।सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन गर्दा चलनचल्तीको मूल्य र घरजग्गा रजिष्ट्रेशन प्रयोजनकोलागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको औसतलाई आधार मानी सम्पत्तिको स्वामीले स्वघोषणा गर्ने र वडाले प्रमाणित गर्ने परिपाटी अपनाउनु उपयुक्त हुन्छ । यस्तो मूल्यांकन गर्दा मन्त्रालयले २०७४ सालमा जारी गरेको नमूना ऐन र २०७५ सालको संशोधन पछि जारी निर्देशन अनुसार एक समिति गठन गरी सम्पत्ति कर लाग्ने सम्पत्तिको लगत तयार गर्ने, मूल्य कायम गर्दा स्वघोषणा विधि अपनाउने र एक पटक गरेको मूल्यांकन ३ बर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ । तर यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन

रकमलाई जुनसुकै प्रयोजनको लागि पनि गाउँपालिकाले सिफारिस गर्दा परिवर्तन गर्न हुँदैन । विभिन्न स्थानीय तहमा सम्पत्ति कर प्रयोजनको लागि मूल्यांकन गर्दा कम मूल्य घोषणा गर्ने तर सोही सम्पत्ति ऋण लिन सिफारिस गर्दा वा विदेश जान सम्पत्ति प्रमाणित गर्दा बढी मूल्यमा सिफारिस माग गर्ने परिपाटी रहेको देखिन्छ ।

विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लिखित घरधूरी संख्यालाई नै यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । गाउँपालिकाको आर्थिक ऐन २०७८ ले घरहरुलाई निम्न किसिमले वर्गिकरण गरेको छ ।

*तालिका ९ पालिकाको आर्थिक ऐनले तोकेको घरको कर*

| घरको किसिम | रकम (रु) | कैफियत |
|---|---|---|
| सामान्य खालको आवशिय घर | १०० | सामान्य परिवारको २-५ कोठा भएको |
| मध्यम खालको आवशिय घर | २५० | ५ भन्दा बढी कोठा भएको |
| पक्की घर | ५०० | पक्की खालको ढलान भएको |

श्रोतः गाउँपालिकाको आर्थिक ऐन, २०७८

हाल नयाँ शुरुवात भएकोले सम्पती कर जस अन्तरगत घर र घरले चर्चेको जमिनको समेत गरेर सम्पती कर वापत निम्न करलाई प्रस्तुत गरिएको छ ।

*तालिका १० प्रस्तावित सम्पती कर विवरण*

| कर योग्य सम्पतिको मूल्य | यथार्थ करको दर (प्रति लाख रू) | करदाता संख्या | प्रति करदाता औसत कर रू. | सम्भाव्य सङ्कलन (रु) |
|---|---|---|---|---|
| पाँच लाख रुपैयाँ सम्म | ३० | 2६० | ९० | २३४०० |
| पाँच लाख एक रुपैयाँ देखि दश लाख रुपैयाँ सम्म | ३५ | १५० | २८० | ४२००० |
| दश लाख एक रुपैयाँ देखि वीस लाख | ४० | १३० | 620 | ८०६०० |

| कर योग्य सम्पतिको मूल्य | यथार्थ करको दर (प्रति लाख रू) | करदाता संख्या | प्रति करदाता औसत कर रू. | सम्भाव्य सङ्कलन (रु) |
|---|---|---|---|---|
| रुपैयाँ सम्म | | | | |
| वीस लाख एक रुपैयाँ देखि तीस लाख रुपैया सम्म | ४५ | ८० | 1147 | ९१७६० |
| तीस लाख एक रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म | ५० | ४० | 2025 | ८१००० |
| पचास लाख एक रुपैयाँ देखि एक करोड रुपैयाँ सम्म | ५५ | ३३ | 4052 | १३३७१६ |
| एक करोड एक रुपैयाँ देखि माथि | ६५ | ५ | 19532 | ९७६६० |
| | | **६९८** | | **५५०१३६** |

### ख. भूमिकर (मालपोत)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खेतियोग्य जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ। तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरेको छ ।मालपोत गाउँपालिकाको परम्परादेखि चल्दै आएको र दिगो राजश्वको स्रोत हो । गाउँपालिकाले आ.व.२०७६/७७ मा रु.६ लाख ५१ हजार आठसय त्रिहत्तर प्राप्त गरेको छ । आ.व. २०७७/७८मा यस शीर्षकमा सूत्रबाट लिइएको प्रतिवेदन अनुसार रु.२ लाख ५० हजार अनुमान भएकोमा साढे तीन गुणाले बृद्धि भई रु. ७ लाख २४ हजार दुई सय बाईस प्राप्त भएको देखिन्छ आ.व.२०७८/७९ का लागि रु. ५ लाख अनुमान गरिएको पाइन्छ जसमा चैत्र मसान्त सम्म ३ लाख ६० हजार जम्मा भै सकेको अवस्था छ । थासाङ गाउँपालिकाको कुल क्षेत्रफल १९८.०५ वर्ग किमि रहेको अर्थात ३१८ हेक्टर जमिनमा सिंचाईको व्यवस्था छ भने ३९३ हेक्टर पाखो बारी रहेको छ । तथ्यांक यकिन गरी यसमध्ये घरघडेरीलाई सम्पत्ति करको स्रोतका रुपमा लिएपछि बाँकी रहने जमिनमा भूमिकर (मालपोत) लगाउनु पर्दछ । यहाँ भूमिकर÷मालपोत प्रयोजनका लागि कोबाङ बजार र लेते बजार क्षेत्रका मूलसडकसँग जोडिएका र सोवाहेकका जग्गाका आधारमा दर निर्धारण गरिएको देखिदैन । एक रुपले न्यूनतम रु ५० र थप प्रति रोपनी रु ५० का दरले रकम उठाउको आर्थिक नियमावलीले देखाउदछ ।

**करको सम्भावनाः** यस गाउँपालिकाको सम्पत्ति कर लगाएको वाहेकको जमिनलाई उपयोगका आधारमा मूल्यांकन गरी भूमिकर तथा मालपोत लगाउन सकिन्छ । गत आर्थिक बर्षमा जारी भएको भू उपयोग ऐनको प्रावधान अनुसार गाउँपालिकाको नेतृत्वमा उपलब्ध जमीनलाई कृषिक्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र र औद्योगिक लगायत अन्य तोकिएका क्षेत्र छुट्याई गरी जग्गाको वर्गीकरण तथा भूस्वामित्व अनुसार नै कर प्रत्यारोपण गर्ने नीति लिइएमा जमीनको उपयोगिता अनुसार विभिन्न दरमा कर प्रत्यारोपण गर्न सकिने भएकोले हालको भन्दा निकै बढी कर असूल हुनसक्ने सम्भावना देखिन्छ। आगामी बर्षका लागि देहाय वमोजिम **रू. ८००,०००( रु आठलाख** ) वार्षिक रुपमा भूमि कर मार्फत आय सङ्कलन गर्न सकिने प्रस्ताव गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरुः** गाउँपालिकाले हरेक वडामा रहेको जमिनलाई नयाँ भूमीसम्बन्धी ऐनकोप्रावधानबमोजिम वर्गिकरण गरी भूमीको प्रयोजन अनुसार सम्पत्ति कर लगाए बाहेकको जमिनलाई खेती प्रयोजनमा प्रयोग भएकोर सडक यातायातले नछोएकोमा मालपोत मात्र र खेती प्रयोजनमा प्रयोग भएको तथा अन्य प्रयोजनमा प्रयोग भएको र सडक यातायातको सुविधा भएको जमिनमा मालपोत र थप भूमिकर लगाउने गरी वर्गीकरण अनुसारको लगत तयार गर्नु पर्ने देखिन्छ ।

जमिनको वर्गीकरण अनुसार र परिमाणलाई विश्लेषण गरी प्रगतिशील किसिमको दर निर्धारण तथा गाउँसभाबाट स्वीकृत गरी सोही नीति अनुसार गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्ने देखिन्छ । साथै बक्यौताको विवरण तयार गरी सो उठाउन पनि पहल गर्नुपर्ने देखिन्छ ।यसरी मालपोत लगाउँदा प्रगतिशील र व्यवहारिक मालपोतको दर निर्धारण र असूली गर्न देहाय बमोजिम गर्दा उपयुक्त हुने देखिन्छ ।

- मालपोत तथा भूमिकरको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिंचाई सुविधा र उक्त जग्गाबाट हुने बार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उपयुक्त हुने ।
- सवारी साधन चल्ने बाटोको छेउमा परेका प्लटहरूको व्यवसायिक महत्व हुने हुँदा त्यस्ता प्लटहरूमा भूमिकर थप लगाउनु उपयुक्त हुने देखिन्छ । तर त्यस्ता प्लटहरुमा कुनै संरचना बनेमा सम्पत्ति करको दायरामा आउने हुनाले कृषि कार्यमा प्रयोग हुन्जेल यातायातको सुविधाको हिसाबले मात्र थप भूमिकर लगाउनु उपयुक्त हुन्छ, अर्थात थप भूमिकरको दर सामान्य हुनु पर्छ ।
- मालपोत रकममा मोटरेवल पिच सडकले छोएको प्लटलाई ३० प्रतिशत, ग्राभेल गरिएको सडकले छोएको जग्गामा २० प्रतिशत र कच्ची मोटरेवल सडकले छोएको जग्गामा १० प्रतिशत भूमिकर रकम थप गरी असुलउपर गर्नु उपयुक्त हुने देखिन्छ ।
- जग्गा मात्र भएका करदाताहरुको छुट्टै विवरण वनाईनु पर्ने ।

**ग. घरजग्गा  बहाल कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** घर जग्गा वहाल कर गाउँपालिकाको दिगो तथा बृद्धि हुदैजाने राजश्वको स्रोत हो । यस गाउँपालिकामा बहालमा लगाएको शुल्कको वार्षिक १०% घर र जग्गा वहाल कर लगाईने उल्लेख छ । गाउँपालिकाले आ.व.२०७६/७७ मा यस शीर्षकमा रु. २ लाख ९२ हजार सातसय तीस असुल भएकोर आ.व.२०७६/७७ मा यस शीर्षकमा रु. ३ लाख ६६ हजार ९९५ असुल भएको छ भने आ.व.२०७८/७९ का लागि रु. १ लाख  ५० हजार अनुमान गरिएको पाइन्छ ।

**करको सम्भावनाः**  यस गाउँपालिकामा व्यापारिक क्षेत्र भएकोले यस किसिमको कर को दायरा बढदै जाने देखिन्छ ।सङ्कलित तथ्याङ्क अनुसार गाउँपालिका गाउँपालिकाले घरजग्गा वहाल करलाई प्रगतिशिल बनाई बहाल कर बहाल रकमको १० प्रतिशतका दरले निर्धारण गर्दा देहाय बमोजिम सङ्कलन सम्भावना देखिन्छ । यस शीर्षक अन्तरगत रु २८२,००० (रु. दुईलाख बयासी हजार)

तालिका ११ प्रयोजनका आधारमा बहाल लिने करदाता सम्बन्धी विवरण

| क्र.सं. | प्रयोजनको अfधारमा बहालमा बस्ने | बहालमा बस्ने संख्या | मासिक भाडा रकम | बाषि{क भाडा रकम | जम्मा भाडा असुली | |
|---|---|---|---|---|---|---|

| | | | | | | घर बहाल घर |
|---|---|---|---|---|---|---|
| | | | ख | ग | घ | |
| | | क | अनुमानित | ख x१२ | कxग | (घ) को ५ प्रतिसत |
| १ | बैक तथा बित्तीय संस्था | ५ | १०००० | १२०००० | ६००००० | ३०००० |
| २ | अन्य संघ संस्थाहरु | ५० | ५००० | ६०००० | ३०००००० | १५०००० |
| ३ | ठूला व्यवसायहरु | ५ | १०००० | १२०००० | ६००००० | ३०००० |
| ४ | अन्य व्यवसायहरु | ४० | २५०० | ३०००० | १२००००० | ६०००० |
| ५ | घरयासी प्रयोजनाम वस्नेहरु | २० | १००० | १२००० | २४०००० | १२००० |
| | जम्मा | | | | | २८२,००० |

**सुधार गर्नुपर्ने पक्षहरुः**

- व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण बैज्ञानिक ढंगले राखिनु पर्ने देखिन्छ ।
- **हालको** दर अनुसारको लगत तयारी, वहाल करको स्वीकृत दर वमोजिम प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकाले विशेष पहल गर्नुपर्ने देखिन्छ ।

➢ यसको लागि लगत तयार गर्ने कार्य वडास्तरलाई जिम्मा दिने र कर प्रयोजनको लागि राजस्व शाखाले लगत राख्ने गर्नुपर्ने देखिन्छ ।

➢ वहाल कर दरको पुनरावलोकन गर्ने ।

**व्यवसाय कर र कृषीतथा पशुजन्य कारोवार समेत**

**हालको अवस्थाः**

गाउँपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी वार्षिक करको दर निर्धारण गरेको छ । यस गाउँपालिकाको स्थानीय तहको आर्थिक ऐन २०७८ अनुसार निर्धारण गरिएका व्यवसाय करहरु निर्धारण गरेकोछ । आ.व. २०७६/७७ मा यस शीर्षकवाट रु २ लाख १५ हजार ६सय कर सङ्कलन भयो । भने आ.ब. ०७७/०७८ मा २ लाख ६१ हजार संकलन भएको छ । आ.ब. ०७८/०७९ को लागि रु ८० हजार प्रस्ताव गरिएकोमा चैत्र सम्म ३१ हजार १२५ दाखिला भै सकेको छ ।

**संभाव्यताः**

यस गाउँपालिकामा धेरै व्यवसायहरू रहेका छन् । कार्यशाला तथा छलफलका दौरान प्राप्त नतिजाका आधारमा हेर्दा जम्मा व्यवसायीलाई ठूला, मध्यम र साना करदाता गरी तीन तहमा वर्गीकरण गरी देहायअनुसार सम्भाव्यता यकिन गरिएको छः

*तालिका १२ व्यवसाय करको सम्भाव्यता विवरण*

| क्र.सं. | करदाता | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| 1 | ठुला व्यवसाय<br>रु १००००- रु२०००० कर तिर्ने करदाता | ४ | 20000 | 80000 |

| | | | | |
|---|---|---|---|---|
| 2 | मध्यम व्यवसाय<br>२००० - रु ५,००० सम्म कर तिर्ने करदाताहरु | ५० | २५०० | 125000 |
| 3 | साना व्यवसायीहरू<br>२,००० र सो भन्दा कम कर तिर्ने करदाताहरु | 100 | १००० | 100000 |
| 4 | उत्पादनमूलक व्यवसायउद्योग कर/ कुटानी, पिसानी | १० | ५०० | 5000 |
| ५ | पशु तथा कृषि व्यवसाय कर | | | |
| | क.भेडा/च्याङ्ग्र | ५०० | २० | १०००० |
| | ख.याक/चौरी | ५० | १०० | ५००० |
| | ग.ओखर | ५० | ५०० प्रति रोपनी | २५००० |
| | घ.स्याउ | १०० | ५०० प्रति रोपनी | ५०००० |
| | **जम्मा** | | | **३१००००** |

**सुधारका पक्षहरूः**

गाउँपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छः

- व्यवसायको करको लगत सङ्कलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसँग आवद्ध गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना वर्गिकरण गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि गाउँ कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर सङ्कलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर सङ्कलन अभियान संचालन गर्ने ।
- व्यवसाय दर्ता प्रक्रियासंगै बन्द भएका व्यवसायहरू नामसारी तथा खारेजी गर्ने कामलाई पनि तीव्रता दिने ।

**ङ. जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून वमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तुकर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** यस गाउँपालिकामा हालसम्म जडिवुटी, कवाडी तथा जीवजन्तु कर शीर्षक अन्तर्गत राजश्व प्राप्त गरेको अवस्था छ । आ.व. ०७६/०७७ का साथै आ.व. ०७७/०७८ मा समेत यसो व्यवस्था गरिएको छ । गाउँपालिकामा यार्सागुम्वाको प्रति के.जि. रु १५ हजार र यार्सागुम्वा बाहेक अन्यको प्रचलित वजार मूल्यको ५ प्रतिसत करको रुपमा राखिएको छ ।कानुनले निषेध गरेका बस्तुहरुमा कानुन बमोजिम दण्डनिय हुने छ ।

**करको सम्भावनाः** यस गाउँपालिकाको माथिल्लो इलाकामा पाँचऔंले, जटामसी, चिराइतो, लौठसल्ला, सतुवा, कुट्की, मुसली, काउलो, वनलसुन, पाषाणभेद, सुगन्धवाल, जिवन्ती, शिलाजित, सुनगाभा, चुत्रो, वनकरेला, नागवेली, तेजपात, पद्यमचाल, मजिठो, झ्याउ, गामाडोल, बेलाडोना, सुगन्धकोकिला, सोमलता आदि जातका महत्वपूर्ण प्रजातिका जडिबुटीहरू पाइन्छ । यसैले यहाँ व्यवसायिक रुपमा जडिवुटी संकलन तथा विक्री वितरण गर्ने पेशा व्यवसायीहरु समेत रहेका छन् । यसैगरी यहाँको बजार क्षेत्रमा विभिन्न किसिमका कवाडी वस्तु उत्पादन तथा विक्री हुने गरेको तर यसका व्यवसायीहरु करको दायरामा आई नसकेकाले खासै राजस्व अशूल हुने गरेको छैन । यसैले यहाँ उत्पादन तथा विक्री हुने जडिबुटी, कबाडि, र जिउँदा पशुपक्षीहरु र मरेका वा मारिएका पशुपंक्षीहरुको हाड, सिंग, प्वाख र छाला आदि संकलन गरी व्यवसायिक कारोबार कर लिने गर्नु उपयुक्त हुने र पशुपन्छीको व्यवसायिक कारोवार सम्भावना देखिन्छ । साथै यहाँको वन क्षेत्रमा जडीवुटी खेती प्रवद्र्धन तथा बजारीकरण र जीवजन्तुको व्यवसायिक कारोवार हुने हाटबजारको व्यवस्थापन गरेर राजश्व बृद्धि हुनसक्ने सम्भावना छ ।

जडिबुटी र कवाडी सम्बन्धमा कुनै तथ्याङ्क नभएकाले आगामी आ.व.मा जम्मा रू. ४ लाख ५० हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरुः

- जडिबुटी र कवाडी तथा जीवजन्तु कारोवार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने ।
- जडिबुटी र कवाडी तथा जीवजन्तुको व्यवसायीक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी करोवारको आधारमा कर संकलन गर्ने ।

**च. साना सवारी कर**

गण्डकी प्रदेशको आर्थिक ऐन, २०७७ को दफा ३ (२) अनुसार गाउँपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ—रिक्साको सवारी कर लगाई असुल गर्न सक्ने व्यवस्था रहेको छ । आ.व.२०७७/०७८ का लागि अनुमान गरिएको छैन ।

**विद्यमान अवस्थाः** यस गाउँपालिकामा हालसम्म राजश्व अनुमान तथा कुनै रकम प्राप्त गरेको देखिदैन।

**करको सम्भावनाः** हाल गाउँपालिकाको केही भागमा कालोपत्रे सडक भै सकेको र जोमसोम तथा मुक्तीनाथसम्मको सडकमा साना सवारी करको शरु गर्न सकिने अवस्था छ । सडक कालोपत्रे भइसकेको तथा क्रमशः कालोपत्रे हुने क्रममा रहेको हुनाले मुख्य बजार केन्द्रका छोटो दुरीहरुमा साना सवारी अटो रिक्सा र इ—रिक्सा सञ्चालन हुन सक्ने सम्भावना भएकाले यस्ता इन्जिन रहित तथा विद्युतीय माध्यमबाट सञ्चालन हुने साना सवारीको दर्ता, नवीकरण र बार्षिक करको रुपमा केही साधन परिचालन हुने सम्भावना रहेको देखिन्छ ।

**छ. बिज्ञापन कर**

**हालको अवस्थाः**

गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार-प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानून अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा सङ्कलन गाउँपालिकाले गरी सङ्कलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

विज्ञापन करका सन्दर्भमा गाउँपालिकाले विभिन्न विज्ञापनका सामग्री अनुसार करको दरहरू निर्धारण गरेको छ। गाउँपालिकाले स्थानीय तहको आर्थिक ऐन २०७६ मा विज्ञापन कर तपशिल बमोजिम निर्धारण गरेको छ ।

**विज्ञापन कर (होडिङ बोर्ड सेवा शुल्क) :**

क) होर्डिङ बोर्ड व्यवसायीक ( वर्ग फिटको रू ३० )

आ .व. ०७७/०७८ मा यस शिर्षकमा अर्थिक ऐनमा समाहित गरेको छ । जस अनसुसार बिज्ञापनमा प्रति बर्ग फिटको रु ३० का दरले रकम राखिएको छ ।

**संभाव्यताः**

गाउँपालिका क्षेत्रमा हुने विज्ञापन सामग्री सम्बन्धी आवश्यक तथ्याङ्क नभएको भएतापनि आगामी बर्ष लागि जम्मा **रू.२०००० (रु बीस हजार)** सङ्कलन हुने सम्भावना देखिन्छ ।

**<u>सुधारका पक्षहरू:</u>**

- √ विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क सङ्कलन गर्ने ।
- √ सङ्कलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- √ न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

अन्य करहरुः माथिका शीर्षकमा नपरेका अन्यकरहरु यसमा राखिएको छ, जसवाट बार्षिक **रु २७००००( रु दुईलाख सत्तरी हजार)** उठने प्रक्षेपण गरिएको छ ।

## ३.२.२ गैर कर राजस्व

### क.बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**<u>हालको अवस्था:</u>**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँडको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परिक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय सरकारले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । संघीय कानूनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक

वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी विक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ । वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले गत श्रावणमा जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा विक्री सम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोला, नालाको आफ्नै निर्णयले, खानी क्षेत्रको सम्वन्धित निकायबाट अनुमति प्राप्त गरेपछि आफ्नै निर्णयले र वन तथा चुरे क्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन र विक्री गर्दा सम्वन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नु पर्ने उल्लेख गरिएको छ । यसरी उत्खनन र विक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्वन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी गत २०७७ असार १ नेपाल र प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मीटरसम्म र खोलाको हकमा जतिसुकै भए पनि ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नु पर्ने र यस सम्वन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा केके बिषयलाई प्राथमिकता दिइ विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको छ ।

आर्थिक ऐन २०७८, अनुसार प्राकृतीक साधन उपयोग शुल्कलाइ निम्न अनुसार गरीएको छ ।

| विवरण | शुल्क (रु) | कैफियत |
|---|---|---|
| ढुङ्ग प्रति घन मिटर | २५० | |
| वलुवा प्रति घन मिटर | २५० | |
| गिट्टी प्रति घन मिटर | २५० | |
| माटो प्रति घन मिटर | १०० | |

वर्तमान अवस्थामा अन्नपूर्ण संरक्षित क्षेत्र भएको र प्रारम्भिक वतावरणीय अध्ययन पश्चायत मात्र नदि जन्य पदार्थहरुको ठेक्का लगाउनु पर्ने भएकोले हाल प्रविधिक कारणले सम्पन्न नभएको अवस्था छ ।

**संभाव्यताः**

उल्लिखित हालको अवस्थाका आधारमा विश्लेषण गर्दा यस गाउँपालिका भएर बग्ने मुख्य नदि कालीगण्डकी नदी हो । यस पालिकाको बीच भएर बग्ने यस नदीले प्रसस्त मात्रामा नदिजन्य पदार्थहरु बर्षेनी थुपार्ने र बगाउने गरिरहेको छ । यी नदीजन्य पदार्थहरु सडक तथा संरचना निर्माणमा उपयोगी हुने र गाउँपालिकाको समेत आन्तरिक आयको मुख्य श्रोत बन्ने कुरामा कुनै शंका छैन ।तर गाउँपालिकाले प्राविधिक कारणले उक्त कार्य गर्न सकेको छैन ।जसको मुल कारण भनेको सो क्षेत्र अन्नपूर्ण संरक्षित क्षेत्र भएकोले उक्त कार्यको लागि प्रारम्भिक वातावरणीय अध्ययन ( Initial Incremental Examination – IEE) गरेर मात्र सो को स्वीकृत पश्चायत पालिकाले ठेक्का लगाउन पाउने कानुनी अवस्था भएकोले गाँउलालिकाले सो कार्यको लागि अन्नपूर्ण संरक्षेण क्षेत्रसंग समन्वय गरिरहेको अवस्था छ ।

यो गाउँपालिकामा वालुवा उत्खनन तथा सङ्कलनका लागि केहि सम्भावना भएका क्षेत्र रहेका कारण यस सम्बन्धी आवस्यक वातावरणीय अध्ययन गरी आगामी बर्ष ठेक्का लगाई पालिकाको आयस्रोत बढाउन सकिनेछ र हाल बढ्दै गएको अवैध चोरी निकासी पनि नियन्त्रण हुनेछ । ।हाल नदिजन्य पदार्थहरुबाट हुने आम्दानीको अनुमान **बार्षिक रु १००००० (रु दश लाख)** भन्दा बढी देखिन्छ । जुन आन्तिरक आयको ठूलो हिस्सा हो । सम्वन्धित पक्षसंग समन्वय गरेर कार्यन्वयमा ल्याउनु पर्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- ✓ ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व गाउँसभाबाट बिक्रीको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- ✓ वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने ।
- ✓ सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन हुने कार्य सुनिश्चित गर्ने ।
- ✓ ठेक्का नलागेको अवस्था गाउँपालिका स्वयंले अमानतबाट सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।

गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठुलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

**ख.बहाल बिटौरी शुल्क**

**हालको अवस्थाः**

गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । गाउँपालिकाले हाटबजार विटौरी शुल्क आर्थिक ऐनमा उल्लेख त गरेको छ तर हाटबजारको राम्रो प्रबन्ध रहेको छैन । गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका ऐलानी तथा पर्ति जग्गाहरूमा केही घर तथा पसलहरू रहेका हुनाले तिनलाई पनि शुल्कको दायरामा ल्याउन पहल गर्नुपर्ने देखिन्छ । आ.व. २०७७/०७८ मा यस शीर्षकवाट केकति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालु आ को लागि.व.कति सङ्कलन गर्ने भन्ने कुनै अनुमान रहेको छैन । थासाङ गाउँपालिकामा विविध कारणले लालपुर्जा प्राप्त नभएका सडकका क्षेत्रहरुमा भवनहरु समेत पनि निर्माण भए पनि बहाल विटौरी शुल्क संकलन भने हुन सकेको छैन ।

**संभाव्यताः**

बहाल विटौरी शुल्क सङ्कलन सम्बन्धी हालको अवस्था र शुल्क सङ्कलनमा गाउँपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शीर्षक बापत आय सङ्कलन हुने सम्भावना देखिन्छ । हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी विटौरी शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ । आगामी आ.व.मा जम्मा **रू. ३०००० (रु तीस हजार** )सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

गाउँपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागिः

- ✓ वहाल विटौरी शुल्कको दायराभित्र हाटवजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापतलाग्ने शुल्कलाई समावेश गर्ने ।
- ✓ ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने ।

- ✓ हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क तथा विवरण सङ्कलन गर्ने ।
- ✓ सङ्कलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

**ग.नक्सा पास दस्तुर**

**हालको अवस्था**

गाउँपालिकाले नक्सा पास र अभिलेखीकरण दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरेको छ । भवनको किसिम र भवन रहेको स्थानका आधारमा उक्त दस्तुरहरू फरक फरक रहने गरी निर्धारण भएको देखिन्छ । भविष्यमा आन्तरिक आय सङ्कलनको प्रमुख शीर्षकको रुपमा रहन सक्ने देखिन्छः

**संभाव्यता**

यस गाउँपालिका क्षेत्रमा आगामी दिनमा केही भवन निर्माणमा तीव्रता हुने अनुमान छ ।

*तालिका १३ घर नक्सा पास दस्तुर*

| विवरण | प्रति स्क्वयर फिट | शुल्क (रु ) | अनुमानित प्रति घर औसत वर्ग फिट | अनुमानित निर्माण हुने बार्षिक घर सङ्ख्या | अनुमानित जम्मा कर |
|---|---|---|---|---|---|
| घर नक्सा पास दस्तुर | आवासीय | ५ | ४३२ | १० | २१६०० |
| घर नक्सा पास दस्तुर | व्यावसायिक | १० | ८६४ | ५ | ४३२०० |
| घर नक्सा अभिलेखिकरण | | २ | ४३२ | ३ | २५९२ |
| | जम्मा | | | | ६७३९२ |

हाल यस क्षेत्रमा प्रसस्त नयाँ घरहरू निर्माण भइरहेका छन् । आगामी आ.व.मा यस गाउँपालिकामा नयाँ घर /पुराना १८ वटा नक्सा पासको दायरामा (अभिलेखीकरण सहित) आउन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट जम्मा **रू. ६७३९२** आम्दानी हुने सम्भावना देखिन्छ ।

**<u>सुधारका पक्षहरू</u>**

- ✓ गाउँपालिकाको आर्थिक ऐनमा नक्सा पास सम्बन्धी प्रगतिशील दस्तुरको दर निर्धारण गर्ने
- ✓ नक्सा पास प्रक्रियाले आयआर्जन मात्र नभई भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।
- ✓ नक्सा पासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- ✓ घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने ।

### घ.व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**<u>हालको अवस्था</u>**

स्थानीय सरकारले एफ् .एम्. रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम, टयुसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सोबापत दस्तुर सङ्कलन गर्न सक्छन् । गाउँपालिकाले "घ "वर्गका निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सोबापत दस्तुर सङ्कलन गरिरहेको भए तापनि सोको तथ्याङ्क अद्यावधिक गरेको छैन ।

**<u>संभाव्यता</u>**

गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव १२० जति ब्यापारिक फर्म तथा २ वटा उद्योग सञ्चालनमा रहेका छन् । त्यस्ता संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत प्रति वर्ष **रू. ४००००० ( रु चारलाख)** आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू**

- ✓ दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- ✓ नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- ✓ अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमन गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### ङ .सिफारिश तथा प्रमाणित दस्तुर-

**हालको अवस्था**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलन गरी आएको छ । आर्थिक ऐन २०७८ मा विधिन्न ५३ शिर्षकमा सिफारिस तथा तथा प्रमाणीत दस्तुर राखेको छ ।आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रू. ५ देखि १०००० सम्म निर्धारण गरेको छ र गाउँपालिकाले गाउँ कार्यपालिका तथा वडा कार्यालयहरूवाट यस्तो दस्तुर सङ्कलन गरिआएको छ । वडावाट सङ्कलितफारिश तथा प्रमाणित दस्तुरवाट सङ्कलित रकम वडा सचिवहरूले गाउँपालिकाको राजस्व शाखामा हरेक हप्तार /मासिक दाखिला गर्ने गरेका छन् । आर्थिक वर्ष २०७७/०७८मा रु ५ लाख ३५ हजार ५४७ उठेको र आ.ब. २०७८/०७९ को चैत्र मशान्त सम्ममा रु २ लाख ९४ हजार ९२० उठी सकेको छ । यो श्रोत पालिकाको आन्तरिक आयलाई राम्रोसंग व्यवस्थित भै रहेको छ।

**संभाव्यता**

गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट तथा गाउँपालिका कार्यालयबाट एकमुष्ट रुपमा मासिक सङ्कलन हुने सिफारिश दस्तुर शीर्षकमा **रु ५००००० (रु पाँच लाख मात्र)** सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू**

- ✓ विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर स्पष्ट गर्ने ।
- ✓ सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- ✓ दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- ✓ वडावाट सङ्कलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।
- ✓ सबै शुल्क सङ्कलनकालागि कम्युटरमा इन्ट्री गर्ने तथा कम्युटरबाट प्रिन्टेट बिलको व्यवस्था गर्ने।

**व्यात्तीगत घटना दर्ता/नाता प्रमाणीत दस्तुरः**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलन गरी आएको छ। जसवापत शुल्कहरु उठाउदै आईरहेको अवस्था छ ।

**संभाव्यता**

गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट तथा गाउँपालिका कार्यालयबाट एकमुष्ट रुपमा मासिक सङ्कलन हुने सिफारिश दस्तुर शीर्षमा **रु ५००००० (रु पाँच लाख मात्र)** सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**मनरोन्जन तथा हाटबजार कर**

**हालको अवस्था**

नेपाल पर्यटनको लागि विश्वमै चर्चित रहेको छ । नेपालका सुन्दर हिमाल, पहाड, खोला नदी, ताल, विषम भूगोल लगायतका प्राकृतिक सम्पदाहरु पर्यटनका हिस्सा हुन् । नेपालमा यस्ता प्राकृतिक सम्पदाहरु असंख्य रहेका छन् । थासाङ  गाउँपालिकामा पनि प्राकृतिक सम्पदाहरुको भरिपूर्णता रहेको छ । यहाँका सुन्दर हिमालहरुको मनोरम दृश्य तथा तालतलैया र पोखरीहरु यस क्षेत्रका आर्कषणका केन्द्रहरु हुन् । यस्ता प्राकृतिक सम्पदामध्येका यस क्षेत्रमा रहेका ताल तथा

पोखरीहरुको विवरण सेकोङ् ताल, भुतछो पोखरी,कविकहरा ताल,टि.टि. ताल रहेका छन । यस गाउँपालिकामा धेरैजसो बौद्धहरुको बसोबास रहेको देखिन्छ । त्यसैले यहाँका प्रत्येक ऐतिहासिक तथा धार्मिक स्थलहरुमा बौद्धहरुकै गुम्बाहरु मात्र भेटिएको छ । यहाँका ऐतिहासिक स्थलहरुमा ऐतिहासिक चिनारी भएको क्यूपर गुम्बा , युम्बा नुर्वाे गुम्बा, नर्साङ गुम्बा तथा अरु पुराना गुम्बाहरु र हिमालहरुको मनोरम दृश्य आदी देख्न पाइन्छन्। अत्यन्तै रमणीय स्थानहरु भएकोले हाल चलचित्र निर्माण र अन्य डकुम्न्ट्रीहरु समेत यी स्थानहरुमा निर्माण हुने गरेका छन ।आर्थिक नियमालवी २०७८ ले मनोरन्जन तथा हाट बजार करको व्यवस्था गरेको पाइन्नछ ।

**<u>संभाव्यता</u>**

यहाँ पर्यटन शुल्क सङ्कलनको प्रसस्त संभावना रहेको छ, यहँका पर्यटकिय स्थानमा भ्रमण गर्न वर्षेनी हजारौं आन्तरिक तथा बाह्य पर्यटक आउने गर्छन् । पर्यटकीय पूर्वाधारको विकासलाई प्राथमिकताका साथ अगाडी बढाइएको खण्डमा आगामी बर्षहरूमा प्रसस्त पर्यटन शुल्क सङ्कलन हुन सक्ने देखिन्छ । कोरोनाको महामारीको व्यवस्थापन सँगसँगै यो गाउँपालिका बाह्य पर्यटकसँगै आन्तरिक पर्यटकहरुको उल्लेखनिय बृद्धी हुने देखिन्छ ।

*तालिका १४ मनोरन्जन कर*

| क्र.स. | विवरण | रकम शुल्क (रु ) | अनुमानित बार्षिक करदाता सङ्ख्या | कूल रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | छायाङ्कन डकुमेन्ट्री, म्यूजिक भिडियो | ५००० | १० | ५०००० | स्वदेशी |
| २ | चलचित्र | १५००० | २ | ३०००० | स्वदेशी |
| ३ | छायाङ्कन डकुमेन्ट्री, म्यूजिक भिडियो | १५००० | १ | १५००० | विदेशी |
| ४ | चलचित्र | २५००० | १ | २५००० | विदेशी |
| ५ | हाट बजार | १००० | ५ | ५००० | प्रति स्टल |
| ६ | पर्यटकीय शेवा शुल्क तथा शहासी खेल | १००० | २ | २००० | प्रति कार्यक्रम |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | | | १२७००० | |

**सुधारका पक्षहरू**

पर्यटन शुल्क सङ्कलन प्रभावकारी बनाउन देहाय अनुसार कार्यहरू गर्नु पर्ने देखिन्छः

- ✓ आर्थिक ऐनमा पर्यटन शुल्कको सङ्कलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दरलाई यथार्थपरक बनाउने ।
- ✓ पर्यटकीय सम्भावना भएका प्रमुख पर्यटकीय स्थलहरूको संभाव्यता हेरी पूर्वाधारको विकास गर्ने।
- ✓ रमणीय पर्यटकीय तथा धार्मिक स्थलबारे प्रचार प्रसार गरी प्रवर्धन गर्ने ।
- ✓ सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार पर्यटन शुल्क सङ्कलनको व्यवस्था गर्ने ।

**न्यायिक दण्ड, जरिवाना, जफत**

संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ वमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा गाउँपालिकाले दण्ड, जरिवाना र जफत गर्नुपर्ने हुनसक्छ ।

**विद्यमान अवस्थाः** यस गाउँपालिकामा दण्ड, जरिवाना, जफत शीर्षक अन्तर्गत आ.व. २०७६/७ मा रु १० हजार र आ.ब. ०७७/७८ मा रु १० हजार अनुमान गरिएकोमा कुनै रकम नउठेको र चालु आ.ब. ०७८/७९ मा समेत रु ५० हजार अनुमान गरेकोमा चैत्र मशान्त सम्म कुनै रकमप्राप्त भएको छैन ।

**आयको सम्भावनाः** दण्ड, जरिवाना, जफत शीर्षक वापत प्राप्त हुने आयमा न्यूनीकरण गर्ने चाहना गाउँपालिकाले सदैव राख्ने गर्दछ र यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुन्छ । तर पनि दण्ड, जरिवाना शीर्षकमा प्रायः वर्षहरुमा आय प्राप्त हुने गर्दछ भने कतिपय दण्ड जरिवानाहरु सम्बन्धित शीर्षक मै हुने गर्दछ । त्यसैले पनि यस शीर्षकमा आयको प्रक्षेपण नगरी यदि प्राप्त भएमा अन्य शीर्षकबाट आम्दानी गर्ने गरेको हुनसक्छ । आगामी आ.व.मा जम्मा **रू.३०००० (रु तिस हजार मात्र)** सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

- नेपाल सरकारबाट स्वीकृत आम्दानीका शीर्षक अन्तर्गत दण्ड, जरिवाना, जफत शीर्षक रहेको हुनाले गाउँपालिकाले विगत वर्षहरुको आधारमा अनुमान गर्नुका साथै दण्ड जरिवानाका दरहरु पनि निर्धारण गरी राख्दा
- जनतालाई कानून पालनामा सजगता पनि बृद्धि गराउदै जाने।

**सामुदायिक वनबाट प्राप्त रकम**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।यसैगरी वन ऐन, २०७६ को दफा १८(५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहाना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्वन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्चगरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत रकम सम्वन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।उपर्युक्त स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र वन ऐनको व्यवस्था एक अर्कामा बाझिएको हो की भन्ने देखिएता पनि सामुदायिक वन समूहसँग सहमति गरी दुबैलाई फाइदा हुनेगरी व्यवस्थापन गर्न सकिने देखिन्छ। यस अनुसार सामुदायिक वन समूहले गाउँपालिकाको परामर्शमा स्वीकृत गरेको कार्य योजना बमोजिम भएको आम्दानीको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम स्थानीय सरकारको खातामा दाखिला गर्ने र बाँकी ९० प्रतिशतलाई शतप्रतिशत मानी त्यसको २५ प्रतिशत वनको विकासमा, ५० प्रतिशत गाउँपालिकाको समन्वयमा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रकम समूहको हितमा खर्च गर्ने गर्दा सबै कानूनका प्रावधानलाई कार्यान्वयन गर्न सकिने हुन्छ । यसमा स्थानीय तहले यसरी सामुदायिक वन समूहबाट प्राप्त गरेको रकम सामुदायिक वनको हितमा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधान अगाडि सारेर सामुदायिक वन समूहहरुसँग छलफल गरी सहमति गर्नु उपयुक्त हुन्छ ।

**विद्यमान अवस्थाः** यस शिर्षकमा हालसम्म बाठआम्दानी भएको देखीदैन तर यस गाउँपालिका अन्नपूर्ण संरक्षित क्षेत्रमा भएकोले जंगलको नियन्त्रण पनि अन्नपूर्ण संरक्षित क्षेत्रसँग सम्वन्धित भएकोले अन्नपूर्ण संरक्षित क्षेत्रबाट पालिकालाई विविध सहयोगहरु मिलिरहेको अवस्था छ ।

**आयको सम्भावनाः** यस गाउँपालिकामा सामुदायिक वन रहेका र ती वनबाट टिमुर, टुसा संकलन गरी बजारमा विक्री हुने गरेकोले त्यस्तो क्रियाकलापलाई पनि व्यवस्थित गरी सामुदायिक वनको आम्दानीमा जोड्न सकिने देखिन्छ । यसैगरी लेकतिरको सामुदायिक वनभित्र वनमा गोठले चर्चेका जग्गाको उपयोग र वडा नं. १ र २ का सामुदायिक वनमा जडिवुटीहरु संकलन गरी सामुदायिक वनको आम्दानी बढाउन गाउँपालिकाले लगानी गर्ने र सामुदायिक वनहरुकोकूलआम्दानीबाट १० प्रतिशत रकम गाउँपालिकाको कोषमा दाखिला गर्न लगाउने गर्न सक्ने देखिन्छ ।यस शीर्षकमा कुनै तथ्याङ्क नभए पनि आगामी बर्ष यसबाट **रु २०००००** ( **रु दुईलाख** मात्र) आम्दानी हुने अनुमान छ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

- गाउँपालिकाको क्षेत्रमा रहेका सबै सामुदायिक वनको अभिलेखीकरण गर्ने, ।
- कार्य योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने, वन संरक्षण र विकास, जडिबुटी खेती तथा पर्यापर्यटन सम्वन्धी क्रियाकलापहरुको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने,
- वन संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि स्वीकृत गरी लागु गर्नुपर्ने ।
- अन्नपूर्ण संरक्षित क्षेत्रसंग समन्वय गरेर काम गरिनु पर्ने ।

### झ. अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क)

<u>हालको अवस्था</u>

हिमाली क्षेत्रमा अवस्थित यस गाउँपालिकाको लेते,कोवाङ् जस्ता वजारहरुको फोहोर मैला समस्य समयम नै व्यवस्थापन गरेर जानु पर्ने अवस्था छ । अन्य क्षेत्रमा गुजमुज्ज धेरै घर नरहेकाले फोहरमैला सङ्कलन तथा व्यवस्थापनमा खासै समस्या रहेको देखिदैन । गाउँपालिकाले अलि बाक्लो तथा ठूलो बस्ती भएका

क्षेत्रमा फोहरमैला सङ्कलन तथा व्यवस्थापनको काम शुरु गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले फोहरमैला व्यवस्थापन शुल्क लिन सक्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गरेको छ। आर्थिक ऐन २०७८ले निर्धारण गरेको शुल्क निम्न अनुसार रहेको छ ।

**संभाव्यता**

गाउँपालिकाले तत्कालै आफ्ना मूख्य बस्तीहरूबाट फोहरमैला व्यस्थापन कार्यक्रमसँगै शुल्क सङ्कलन कार्य प्रारम्भ गर्नु पर्ने देखिन्छ । कार्यशालाका दौरान गरिएको छलफलका आधारमा विश्लेषण गर्दा हरेक वडाका मूख्य बस्ती क्षेत्रमा व्यवसायी तथा घरधूरीसँग शुल्क लिएर शुरुको अवस्थामा यस विषयमा समिक्षा गर्नु आवश्यकता छ ।

*तालिका १५ व्यवायीक कर*

| क.स. | विवरण | शुल्क (रु) प्रति महिना | अनुमानित करदाता सङ्ख्या | कूल रकम रू. |
|---|---|---|---|---|
| १ | सबै प्रकारका होटल व्यवसाय | ५०० | ५० | ३००००० |
| २ | पोल्ट्री फारम | ३०० | १० | ३६००० |
| ३ | बधशाला, फ्रस हाउस, | २५० | ५ | १५००० |
| ४ | अन्य पसल तथा व्यावशायीको लागि | २०० | २० | ४८००० |
| ५ | घरबाट निस्कने फोहोर | ५० | १५० | ९०००० |
| | **जम्मा** | | | ४८९००० |

**सुधारका पक्षहरू**

- ✓ हालको आर्थिक ऐनको व्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला व्यवस्थापन शुल्कको दर, उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।
- ✓ मूख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।

- ✓ यस्तो शुल्क बेग्लै फोहोर मैला व्यवस्थापन शुल्क शीर्षक अन्तर्गत सङ्कलन गर्ने ।
- ✓ फोहोर मैला नियमित रुपमा उठी रहेको छ कि छैन सो को समेत नियमित रुपमा पालिकाले बहन गर्ने ।

## परिच्छेद – चार आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

गाउँपालिकाले राजश्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई यस परिच्छेदमा छोटकरीमा व्याख्या गरिएको छ । यसबाट गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न मद्दत पुग्ने छ ।

### ४.१ राजश्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाले आन्तरिक राजश्व परिचालन सम्बन्धमा लिएका नीतिहरु यसप्रकार रहेका छन्:

- ➢ आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः वढवा दिदै लगिनेछ ।
- ➢ राजश्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइनेछ । गाउँपालिकाको राजस्व सुधार कार्य योजना तयार गरी लागु गरिनेछ ।
- ➢ यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने थासाङ्बासीहरुको क्षमता, स्थानीय स्रोत र अन्य गाउँपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरु निर्धारण गरिनेछ ।
- ➢ गाउँपालिकाको राजस्व प्रशासनलाई सुधार गर्दै लगिनेछ ।
- ➢ "राजस्व संकलन— भार होइन, समृद्धिको आधार हो" भन्ने जागरण गराउन राजश्व सचेतना अभियान सञ्चालन गरिनेछ ।
- ➢ थासाङ गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट करदातालाई पुरस्कृत गर्दै आन्तरिक आय प्रवद्र्धनका कार्यक्रमहरु लागु गरिनेछ । महिला, विपन्न तथा सीमान्तकृत समुदायलाई करमा छुट तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

- यस गाउँपालिकाले कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउन करको दायरा आवद्ध नभएका सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउने, सम्पत्ति कर, भूमिकर (मालपोत), नक्सा पास असुलीका लागि कडा नीति अवलम्बन गरिने र घरवहाल करलाई स्वयम्घोषणाको नीति अवलम्बन गर्दै गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गरिनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
- गाउँपालिकाको राजस्व अभिवृद्धिमा टेवा पु¥याउन स्थानीय उद्योगी, व्यापारी (उद्योग वाणिज्य संघ) सँग समन्वय गरिनेछ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

### ४.२.१ स्थानीय राजश्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस गाउँपालिकामा स्थानीय राजश्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

*तालिका १६ राजस्व परामर्श समिति विवरण*

| क्र .सं. | समितिका व्यक्तिहरू ( पद) | समिति ( जिम्मेवारी) |
|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | कार्यपालिका सदस्य | सदस्य |
| ४. | महिला सदस्य | सदस्य |
| ५. | उद्य◌ोग बाणीज्य संघ प्रतिनिधि | सदस्य |
| ६. | घरेलु उद्योग प्रतिनिधि | सदस्य |

| | | |
|---|---|---|
| ७ | राजस्व शाखा प्रमुख | सदस्य सचिव |

राजस्व परामर्श समितिले राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँ सभा समक्ष पेस गरी गाँउसभाले पारित गरेर स्थानीय रापत्रमा समेत प्रकाशन गरेको छ ।

पुनर्संरचित गाउँपालिको संवैधानिक व्यवस्थाको आधारमा गाउँपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट प्रस्ताव गरी गाउँसभाले सो दररेट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेका छ । आयका शीषर्कगत दायरा तथा उक्त दायराका दररेटहरू राखी गाउँसभा मार्फत आर्थिक ऐन पारित गरिएको हो ।

## ४.२.२ गाउँपालिकाको राजश्व प्रशासन

गाउँपालिकाको राजश्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेटमार्फत पनि गाउँपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजश्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजश्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवद्र्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवद्र्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजश्व संकलन कार्यमा परिचालन गर्नुपर्ने हुन्छ ।साथैगाउँपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजश्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण हुने देखिन्छ ।

४.२ विगतको आय परिचालनको अवस्था

थासाङ गाउँपालिकाको मुख्य आन्तरिक आयका प्रमुख स्रोतहरुमा मालपोत, सिफारिस तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, सम्पत्ति कर, व्यवसाय दर्ता तथा नवीकरण दस्तुर आदि रहेका छन् । आर्थिक वर्ष २०७६/०७७ मा आन्तरिक राजश्वको प्रस्तावित भन्दा यथार्थ आय रु ६७७७१२ र आर्थिक वर्ष २०७७/०७८ मा रु ८५९३८५ भई अघिल्लो अनुमानित भन्दा बढी आम्दानी प्राप्त भएको छ। आर्थिक बर्ष २०७८/०७९ मा समेत अनुमानित आय भन्दा आम्दानी बढी देखिन्छ किनकी पहिलो ९ महिनामा करिव ७३ प्रतिशत रकम उठेकोले लक्ष्य भन्दा बढी राजस्व उठने देखिन्छ । साथै तीन बर्षको आन्तरिक राजस्व संकलनलाई हेर्दा पालिकाको राजस्व उठाउने पहल सकारात्मक देखिन्छ ।

गाउँपालिकाको आन्तरिक राजश्वको सम्भावनालाई अधिकतम उपयोगमार्फत राजश्व अझ बृद्धि गरी स्थानीय आवश्यकता परिपूर्तिका लागि स्रोत व्यवस्थापन गर्नुपर्नेमा यहाँ राजश्वको प्रस्ताव र यथार्थमा ज्यादै उतारचढाव देखिन्छ । यसको समाधानका लागि गाउँपालिकाको क्षेत्राधिकार भित्रका कर लगाउन सकिने सम्भाव्य क्षेत्रहरुको यथार्थ अवस्था विश्लेषण सहितको राजश्व सुधारकार्ययोजना तर्जुमा, जमिनको लगत अध्यावधिक, करदाताहरुको पहिचान र विवरण संकलन, पर्यटकीय क्षेत्रहरुको विकास,प्रवद्र्धन र प्रचार प्रसारका साथै स्थानीय आर्थिक विकास र रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालनमा थप पहलबाट गाउँपालिकालाई आर्थिक रुपमा सुदृढीकरण गर्न पुग्दछ । गाउँपालिकाका राजश्वका स्रोतका आधारमा आन्तरिक आयको वर्तमान अवस्था देहायको तालिकामा उल्लेख गरिएको छ ।




*तालिका १७ बिगतको तीन वर्षको आन्तरिक आय*

| राजस्व संकेत | राजस्व शीर्षक | आ.ब.२०७६/०७७ | आ.व. २०७७/०७८ | | आ.व.२०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | | यथार्थ | अनुमानित | यथार्थ | अनुमानित | चैत्र मसान्त सम्म |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.ब.२०७६/०७७ | आ.व. २०७७/०७८ | | आ.व.२०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | | यथार्थ | अनुमानित | यथार्थ | अनुमानित | चैत्र मसान्त सम्म |
| **क.** | **कर राजस्व** | | | | | |
| 11131 | वहाल सम्पत्ति र पट्टामा लाग्ने कर | - | 50,000 | - | 50,000 | - |
| 11314 | भूमिकर/मालपोत | 651,873 | | 724,222 | 500,000 | 359,730 |
| 11321 | घर वहाल कर | 292,730 | 250,000 | 366,895 | 150,000 | 27,703 |
| 11471 | सिनेमा डकुमेन्ट्री | - | 150,000 | - | 100,000 | - |
| 11472 | विज्ञापन कर | - | - | - | 20,000 | - |
| 11479 | मनोरन्जन कर | 20,000 | - | - | 75,000 | - |
| 11611 | व्यवसायीक कर | - | 75,000 | 261,000 | 80,000 | 31,125 |
| 11613 | व्यवसायीक रजिस्ट्रेसन दस्तुर | 215,600 | 80,000 | - | 25,000 | |
| 11631 | कृषी तथा पशुजन्य वस्तुको व्यवसायीक कारोवारमा लाग्ने कर | - | - | 153,970 | 275,000 | 1,250 |
| 11691 | अन्य कर | - | 175,000 | 17,250 | 200,000 | 173,535 |
| | **कर राजस्व जम्मा** | **1,180,203** | 175,000 | **1,523,337** | **1,425,000** | **593,343** |
| **ख** | **गैरकर राजस्व** | | **955,000** | | | |
| 14229 | अन्य प्रशासनिक सेवा शुल्क | - | | 351,681 | 500,000 | |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.ब.२०७६/०७७ | आ.व. २०७७/०७८ | | आ.व.२०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | | यथार्थ | अनुमानित | यथार्थ | अनुमानित | चैत्र मसान्त सम्म |
| १४२४२ | नक्सा पास दस्तुर | - | 500,000 | - | 200,000 | |
| 14243 | सिफारिस दस्तुर | - | 150,000 | 535,548 | 500,000 | 274,920 |
| 14244 | व्याक्तीतग घटना दर्ता दस्तुर | 10,200 | 500,000 | 30,400 | 30,000 | 8,800 |
| 14245 | नाता प्रमाणीत दस्तुर | - | 30,000 | - | 30,000 | 5,100 |
| 14249 | अन्य दस्तुर | 487,313 | 30,000 | 793,419 | 200,000 | 1,279,746 |
| 14311 | न्यायीक निवेदन दस्तुर | - | 100,000 | - | 10,000 | |
| 14312 | प्रशासनिक दण्ड ,जरिवना र जफत | - | 10,000 | - | 50,000 | - |
| 14521 | प्रदुषण नियन्त्रण शल्क | - | 50,000 | - | 5,000 | |
| | **जम्मा गैहकर** | **497,513** | 1,420,000 | **1,711,048** | **1,525,000** | **1,568,566** |
| | **कूल जम्मा** | **1,677,716** | **2,375,000** | **3,234,385** | **2,950,000** | **2,161,909** |

**विगत ३ बर्षको कर तथा गैहकरको अवस्था**




**राजश्व परिचालनमा रहेका सवालहरू**

संविधान तथा कानून प्रदत्त गाउँपालिकाको वित्तीय अधिकार अनुरुप राजश्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजश्व परिचालनका मुख्य सवालहरु, नीतिगत व्यवस्था, दक्ष कर प्रशासन, करको दर, दायरा, क्षेत्र विस्तार तथा बक्यौता असुली आदि सम्बन्धी रहेका छन्। यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजश्व परिचालनका प्रमुख सवालहरु निम्नानुसारउल्लेख गर्न सकिन्छ।

**(क) कानुनी तथा नीतिगत**

गाउँपालिकाको राजश्व अधिकार सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन र राजश्वपरिचालनका लागि आवश्यक आर्थिक ऐन, विभिन्न कार्यविधिहरु समयमै गाउँसभाबाट पारित भएको भए पनि कार्यान्वयन पक्ष अझ सुदृढ गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले लिएका राजश्व सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुने देखिन्छ । गाउँपालिका र अन्य तहका सरकार वीच दोहोरो परेका करहरुका सम्बन्धमा वार्ता तथा अन्तक्रिया गरी स्पष्ट पार्न पनि आवश्यक देखिन्छ ।

**(ख) स्रोतको आधारहरुको विश्लेषण**

**स्थानीय आर्थिक विकासः** थासाङ गाउँपालिकाको आर्थिक विकासको सम्भावना भएका क्षेत्रहरु कृषि, पशुपालन, पर्यटन, साना तथा घरेलु उद्योग, आर्थिक विकास केन्द्रीत पूर्वाधार विकासका जस्ता क्षेत्रमा गाउँपालिकाको बार्षिक कार्यक्रमका माध्यमबाट लगानी वृद्धि गर्नु पर्दछ । यसबाट स्थानीय आर्थिक विकासमा व्यवसायिकता, आयआर्जन, स्थानीय कच्चा पदार्थको उत्पादन, प्रशोधन, बजारीकरण र रोजगारी सिर्जनामा योगदान पुग्दछ । निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित भई जनताको आम्दानीमा बृद्धि हुन गई कर तिर्ने क्षमतामा सुधार हुने हुँदा गाउँपालिकाको राजश्व बृद्धिमा सहयोग पुग्ने हुन्छ । थासाङमा देहायका सम्भावना रहेका छन्ः

**पर्यटनः** थासाङ गाउँपालिका पर्यटकीय संभावना प्रशस्त रहेको छ । खासगररी लमजुङ् जोड्ने पदमार्गको विकास, धार्चे हुदै मनास्लु क्षेत्र जोड्ने पदमार्ग विकास हुन सकेमा यस क्षेत्रमा होटल, लज, रिसोर्ट र होमस्टेको विकास भै स्थानीय आर्थिक कृयाकलापमा विस्तार हुने, फलतः राजश्वमा समेत यस क्षेत्रको योगदान बढ्ने हुन्छ ।

**औद्योगिक ग्रामः** थासाङ गाउँपालिकामा औद्योगिक ग्रामको स्थापना गर्न सकिने प्रशस्त संभावना रहेको क्षेत्र हो । यसले स्थानीय उत्पादनमा आधारित उद्योगको विकास गर्न सहयोग पुग्नका साथै स्थानीय रोजगारी र आर्थिक कृयाकलाप बढ्ने र यसले स्वभाविक रुपमा करको दायरा विस्तारमा समेत सहयोग पुग्न सक्दछ ।

**हाट बजारः** थासाङ त्यस भेग केन्द्र पर्ने भएकाले थवाङ्ग , लेते र अन्य केही महत्वपूर्ण केन्द्रमा कृषि तथा पशुजन्य सात्पाहिक हाट बजार विकास गरी आन्तरिक आय बढाउन सकिन्छ। यसका निमित्त सार्वजनिक पर्ति जग्गाको व्यवस्था, पूर्वाधार निर्माण र प्रचार प्रशार उत्तिकै महत्वपूर्ण हुन्छ । यस्ता भविष्य लक्षित क्षेत्रमा लगानी तथा पूर्वाधार विकासमा ध्यान दिन सकेमा गाउँपालिकाको आय स्रोतकै विस्तार गर्न सहयोग पुग्न सक्दछ ।

**(ग) राजश्व प्रशासन**

**संगठन, क्षमता र पूर्वाधार सम्बन्धीः** यस गाउँपालिकाको संगठन संरचना अनुसार १ जना सहायक पाँचौ तहका कर्मचारीको दरबन्दी सिर्जना भएको देखिन्छ। राजस्वको छुट्टै शाखा नभएको तर लेखाशाखाबाट यसको व्यवस्थापन भै रहेको अवस्था छ । कर्मचारीहरुलाई क्षमता विकास तालिम, प्रविधिमा आधारित राजश्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजश्व शाखाको व्यवस्था हुन आवश्यक छ । साथैवडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरि वडा कार्यालयहरु मार्फत राजश्व संकलनको व्यवस्थित विद्युतीयप्रणालीको स्थापना भएमा राजश्व असुली प्रभावकारी हुन सक्ने देखिन्छ ।वडा कार्यालयहरुबाट असूल भएको राजस्व गाउँपालिकामा दाखिला गर्दा एकमुष्ट दाखिला गर्ने गर्दा कुन शीर्षकबाट उठेको राजस्व हो त्यसको लेखांकन गर्न समस्या परेको देखिन्छ । त्यसैले वडाबाट राजस्व बुझ्दा आर्थिक प्रशासन वा राजस्व शाखाले निम्न बमोजिमको फाराममा विवरण भर्न लगाई राजस्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ । यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजस्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ ।

राजस्व शाखा वा आर्थिक प्रशासन शाखाले यही फारामको आधारमा शीर्षकगत राजस्व खातामा आम्दानीको अभिलेख गर्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ ।

थासाङ गाँउ कार्यपालिकाको कार्यालय थवाङ्ग, मुस्ताङ्ग

वडबाट संकलन गरिएको राजस्व बुझ्ने फारम

वडा नः राजस्व बुझ्ने वडा सचिव वा कर्मचारीको नामः मिति

| सि.नं | काटिएको रसिद नं | राजस्वको शीर्षक | राजस्व बुझाउने व्याक्ती वा संस्थाको नाम | संकलन गरिएको रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| जम्मा रसिद संख्या | | | जम्मा रकम | |
| जम्मा रकम अक्षरमा | | | | |
| रकम बुझिलिनेको दस्तखत र मितिः | | | | |

**अभिलेख व्यवस्थापन तथा स्रोतहरुको प्राथमिकीकरणः** गाउँपालिकाका सम्भाव्य राजश्वका स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । गाउँपालिकाबाट राजश्वका नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजश्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अपरिहार्य हुन्छ ।

**आन्तरिक नियन्त्रणः** राजस्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति

रसीद छपाई भएको हो प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ । राजस्व शाखाले जिन्सीफाँटबाट रसिद एकमुष्ट

निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ । लेखा शाखाले सम्बन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टी सहित भिडाई रकम बुझने । सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा गाउँपालिकाबाट जारी भएको राजस्व शीर्षकगत छुट्टिने फारममा राजस्व विवरण भरी दाखिला गरिनु पर्दछ । आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सुक्ष्म रुपमा हेर्ने । यसरी प्राप्त रकमलाई गाउँपालिकाको गोश्वारा खातामा शीर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजस्वको शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ ।

यदि राजस्वको लेखा सूत्र (SUTRA) आधारित भए सोहि बमोजिम शीर्षकगत रुपमा प्रष्ट गरी अनलाईन (on line) प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनु पर्दछ ।

**पारदर्शिता र जवाफदेहिताः** राजश्व प्रशासनलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुको साथै यसको प्रक्रिया पनि पारदर्शी र नागरिकप्रति जवाफदेहीतामा आधारित हुनु पर्दछ । गाउँपालिकाको आयव्ययको विवरण आवधिक रूपमा प्रकाशन गर्नु, सङ्कलित राजश्व सार्वजनिक गर्नु पारदर्शिता अभिबृद्धिका उपयुक्त विधि हुन सक्दछ । साथै स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी कर र गैरकर सम्वन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसार गर्न सके जनताको सहयोग प्राप्त हुन सक्दछ । गाउँपालिकाको वेभसाईटमार्फत नियमित रुपमा आय व्यय सार्वजनिक गर्नाले गाउँपालिकाप्रतिको विश्वास बढ्न गई गाउँपालिकावासी र सरोकारवालाहरुबाट सहयोग प्राप्त हुने वातावरण सिर्जना गर्न सकिन्छ ।

**समावेशिता तथा सहभागिता अभिबृद्धिः** कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

## परिच्छेद पाँच -राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

### ५.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति

थासाङ गाउँपालिकामा राजश्व संकलनमा खासगरी ट्र्याकमा गैसकेको र ट्र्याकमा लानुपर्ने गरी दुई किसिमका अवस्थाहरु छन् । परम्परादेखि चल्दै आएका राजश्वहरु ट्र्याकमा छन् भने नयाँ राजश्वका स्रोतहरुमा जनतालाई वानी पार्न थप पहल गर्न आवश्यक रहेको छ । गाउँपालिकाका कानूनहरु पनि सामयिक परिमार्जन एवं संशोधन गर्नुपर्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर राखी आन्तरिक राजश्वपरिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छ ।

- राजश्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने।
- राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।
- राजस्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।
- समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।
- 

*तालिका १८ पालिकाका कर सम्वन्धी रणनीति तथा कार्यनीतिहरु*

| *रणनीति* | कार्यनीति |
|---|---|
| १. राजश्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | १.गाउँपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै गाउँपालिका तथा निजीक्षेत्रबाट थप लगानी गर्न प्रत्साहित गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ३. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजीक्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ ।<br>४. जनताको कर तिर्ने तथा करको भार बहन क्षमता विश्लेषणका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ ।<br>५. थप राजस्वका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै बर्तमान राजश्व स्रोतको दायरा बृद्धि गर्न यसको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>६. राजश्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ ७.सम्पत्ति मूल्यांकन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिने छ ।<br>८. आन्तरिक राजश्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ । करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>९.गाउँपालिकामा पर्यटन प्रवद्र्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ । साथै पर्यटन विकासमा यस गाउँपालिकामा रहेका ऐतिहाँसिक धरोहर तथा प्राकृतिक संपदाको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ ।<br>१०. पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी गाउँपालिका, निजी क्षेत्र र करदातासँग समेत छलफल तथा सहकार्य गरिनेछ ।<br>११. नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।<br>१२. समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ |
| २.राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | १.गाउँपालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजश्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ ।<br>२. गाउँपालिकाको राजश्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>३. स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ र वडास्तरमा कर असूली गर्ने व्यवस्था मिलाईने छ ।<br>४. राजश्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमसः वडा कार्यालयहरुसँग सूचना सञ्जालमा जोड्दै लगिने छ । स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम |

| *रणनीति* | कार्यनीति |
|---|---|
| | समुदाय÷टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।<br>५. प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजश्व परिचालन बारे ज्ञान—सीप, अनुभव आदान—प्रदान र अन्तरक्रिया गरिनेछ ।<br>६. राजश्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ र विद्युतीय माध्यमबाट नै राजस्वको प्रतिवेदन र फाँटबारी बनाइने छ ।<br>७. राजस्व सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ । |
| ३.राजस्व प्रणालीलाई सरल, सहज करदाता मैत्री र पारदर्शी र समावेशी बनाउने । | १.कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>२. कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ ।कर/राजश्व सूचना जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन गाउँपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ ।<br>३. करदाता शिक्षा, कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>४. महिला, अपाँगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>५. कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ । |
| ४. समन्वय र सहकार्यको अभिवृद्धि गरिने छ । | १.पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, विक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य गाउँपालिकासँग समेत समन्वय तथा सहकार्य गरिनेछ ।<br>२. बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ।<br>३. कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>४. राजश्वसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तह खासगरी घरपझोङ,लो-घेकर दामोदरकुण्ड,लोमान्थाङ,बारागुङ- मुक्तीक्षेत्र र म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिकासँग समन्वय वैठक आयोजना गरी राजश्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ ।छ। राजश्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

## ५.२ कर राजस्व सुधार योजना

*तालिका १९* कर राजस्व सुधार योजना

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **भूमिकर/मालपोत** | | |
| | वडागत रुपमा सम्पूर्ण जग्गाको वर्गीकरण अनुसार अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने । | २०७९ आश्विन मसान्त सम्म | राजस्व उपशाखा<br>वडा कार्यालय |
| | जग्गाको वर्गीकरण अनुसार मालपोतको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने । | २०७९ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँसभा |
| | मालपोत सङ्कलन गर्ने । | श्रावण १ देखि निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालय |
| **२** | **सम्पति कर** | | |
| | नयाँ प्रावधान अनुरुपको सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुमा तालिम संचालन गर्ने । | २०७९ आश्विन मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत |
| | सम्पत्ति कर कार्यान्वयनका लागि बैग्लै सम्पत्ति कर व्यवस्थापन कार्यविधि तयार गर्ने । | २०७९ आश्विन मसान्त सम्म | कार्यपालिका |
| | क्षेत्र निर्धारण गरी सम्पत्ति मूल्याङ्कन दर र सम्पत्ति करको दर परिमार्जन गर्ने । | २०७९ आश्विन मसान्त सम्म | कार्यपालिका |
| | नयाँ व्यवस्था अनुरुप सम्पत्ति कर सफ्टवयेरमा आवश्यक परिमार्जन गर्ने । | २०७९ आश्विन मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत |
| | मालपोतको न्युनतम मूल्याङ्कन दरसँग सामन्जस्यता हुने गरी सम्पत्तिको मूल्याङ्कन पुनरावलोकन गरी यथार्थपरक वनाई करदाताको तिर्न सक्ने क्षमतालाई मध्यनजर गर्दै करको दरलाई पुनरावलोकन गर्ने । | २०७९ आश्विन मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँ सभा |
| **३** | **सवारी ा, रिक्सा, अटो रिक्सा, ई रिक्सा**<br>***निकै न्युन सम्भावना रहेको*** | | |

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने । | २०७९ आश्विन मसान्त सम्म | राजस्व परामर्श समिति र कार्यपालिका |
| | पालिका क्षेत्रमा गुड्ने टांगा, रिक्सा, अटो रिक्सा तथा ई रिक्साहरूको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरी सवारीहरू दर्ता गर्ने । | २०७९ आश्विन देखि | प्राविधिक शाखा तथा राजस्व उप शाखा |
| ४ | **घर जग्गा वहाल कर** | | |
